नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

चाकुपाट, ललितपुर



# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७६/७७

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७६/०७७

मा. वसन्तकुमार नेम्बाङ्ग
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाण्डौ, नेपाल

नेपाल सरकार

निवास : ०१-५५२३९३३
कार्यालय: ०१-४२११६७०
फ्याक्स : ०१-४२११८८४
web : www.mopit.gov.np
Email : basanta_n@hotmail.com



# शुभकामना सन्देश

सडक विभागद्वारा आर्थिक वर्ष २०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम गत आर्थिक बर्षमा सम्पन्न गरेका सडक तथा पुलको मर्मत संभार तथा निर्माणमा भएका उपलब्धिहरुलाई समावेश गरी प्रतिवेदनको रुपमा यो पुस्तिका प्रकाशन हुन लागेकोमा खुशी व्यक्त गर्न चाहन्छु।

राष्ट्रिय राजमार्ग संजालको विकास गरी सडक प्रयोगकर्ताहरुलाई सरल, सजिलो र सुलभ यात्रा गर्न आवश्यक सडक र पुल जस्ता भौतिक संरचनाहरुको विकास तथा विस्तार गर्न आवश्यक छ। आ.व. २०७६/७७ भौतिक पूर्वाधार निर्माणको दृष्टिकोणले औषत बर्ष मात्र रहन पुग्यो। विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको विषम परिस्थितिको बावजुद पनि काठमाडौं उपत्यकाका सडकहरुमा आवधिक मर्मत कार्य सन्तोषजनक रहयो भने काठमाडौं उपत्यका बाहिर पनि सडक तथा पुल निर्माणको कार्यहरु भएका छन्।

नेपाल जस्तो भूपरिवेष्ठित एवं विविधतायुक्त भूगोल भएको मुलुकको सर्वाङ्गीण विकासको लागि मेरुदण्डको रुपमा रहेको सडक यातायात हामी सबैको सरोकारको विषय हो। यससँग सम्बन्धित कार्यक्रमहरु सम्पादनका क्रममा हासिल गरिएका अनुभवहरु आगामी दिनका लागि मार्गदर्शनको रुपमा रहने छन्। सडक, पुल निर्माण तथा नयाँ प्रविधिको प्रयोग र हस्तान्तरणको सन्दर्भमा गएको आर्थिक बर्षमा गरेका सम्पूर्ण कार्यहरुलाई समेट्दै वार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन हुन लागेकोमा शुभकामना व्यक्त गर्दै यस प्रकाशनको क्रमलाई भविष्यमा पनि निरन्तरता दिने प्रयास हुनेछ भन्ने आशा गर्दछु। साथै आगामी दिनमा समयसापेक्ष विषयवस्तु र आवधिक योजनाले निर्दिष्ट गरेका सूचकहरुलाई समेटेर थप परिष्कृत बनाउँदै वस्तुगत रुपमा प्राप्त गर्न सकिने गरी फलदायी हुनसकोस् भन्ने अपेक्षा राख्दछु। भौतिक पूर्वाधारको बिकासमा सरोकार राख्ने व्यक्ति, संघ, संस्था, विद्यार्थी, अनुसन्धानकर्ता लगायत आम नागरिकहरुमा साथै सडक र पुलको विकासमा योगदान दिनहुने समस्त सरोकारवालाहरु समेतको लागि यो पुस्तिका उपयोगी हुनेछ भन्ने मैले आशा लिएको छु।

अन्त्यमा, वार्षिक प्रतिवेदन प्रकाशनको क्रममा प्रत्यक्ष अप्रत्यक्ष रुपमा जिम्मेवारी निर्वाह गर्नुहुने सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिंदै आगामी दिनमा थप परिमार्जन सहित सर्वसाधारण सबैका लागि यो पुस्तिका उपयोगी बन्न सकोस भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

वसन्त कुमार नेम्बाङ्
मन्त्री
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपाल सरकार

**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**

URL : www.mopit.gov.np
email:info@mopit.gov.np
फोन नं. ४२११८८०, ४२११९३१, ४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरवार, काठमाडौं,
नेपाल ।




पत्र संख्याः-

च. नं.:-

# शुभकामना

देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आबद्ध गरी देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने सडक, पुलजस्ता पूर्वाधारको विकास र विस्तार गरी राष्ट्रिय राजमार्ग तथा सडक संजालको विकास गर्ने आजको प्रमुख उद्देश्य रहेको छ । यो उद्देश्य पूरा गर्न सडक विभागबाट सम्पादन हुने कामहरुको प्रगति विभागबाट आ.व. २०७६/७७ को बार्षिक प्रगति प्रतिवेदनको रुपमा प्रकाशित हुन लागेकोमा मलाई खुसी लागेको छ। आर्थिक बर्षको पहिलो र दोश्रो चौमासिक अवधिमा निर्माण कार्यले गति लिन लाग्दै गर्दा तेश्रो चौमासिक अवधिमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रत्यक्ष असर हाम्रोमा पनि देखियो र बन्दाबन्दी गर्ने परिस्थिति सिर्जना भयो। विषम परिस्थितिमा समेत काठमाडौं उपत्यकामा गरिएको आवधिक मर्मत र उपत्यका बाहिर पनि सडक तथा पुलको निर्माण, मर्मत संभारका कार्यहरु सन्तोषजनक रहेको छ।

विभागले यातायातको क्षेत्रमा सडक तथा पुलहरुको बिकास र हासिल गरेका उपलब्धिहरु, समग्र अर्थतन्त्रमा परेको सकारात्मक प्रभाव वारे आमनागरिक एवं सडक प्रयोगकर्तालाई सुसूचित गराउने उद्देश्यले प्रकाशित यस प्रतिवेदन सरोकारवाला सबैलाई उपयोगी हुनेछ। जनताको सूचना पाउने हक समेतको प्रत्याभूति हुनेगरी सडक विभाग र मातहतका निकायहरु वीच एक अर्काले गरेको कार्यको जानकारी उपलब्ध गराई पारदर्शिताको माध्यमबाट सुशासन कायम राख्नमा योगदान पु-याउने प्रस्तुत प्रतिवेदनले देशभित्र र बाहिरका सबै सरोकारवालाहरु समक्ष विभागले आ.व. २०७६/७७ मा सम्पन्न गरेका क्रियाकलापहरुको अद्यावधिक जानकारी प्रवाह गर्नेछ।

अन्त्यमा, सडक विभाग अन्तर्गत सञ्चालन गरिएका आयोजनाहरुको सफल कार्यान्वयनमा संलग्न सडक विभाग र अन्तर्गत सम्बद्ध कर्मचारीहरु तथा प्रस्तुत प्रतिवेदन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा सडक विभागबाट सम्पादन हुने प्रशंसनीय कार्यहरुको प्रगति प्रकाशन गर्ने काममा उत्प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

देवेन्द्र कार्की

सचिव

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

चाकुपाट, ललितपुर



## शुभकामना

देशको समग्र विकास र समृद्धिका लागि विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आबद्ध गरी आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने सडक, पुल जस्ता पूर्वाधारको विकास र विस्तार गरी राष्ट्रिय राजमार्ग तथा सडक संजालको विकास अपरिहार्य हुन्छ। यसका लागि सडक विभागबाट सम्पादन हुने कामहरुले प्रमुख भूमिका निर्वाह गरेको हुन्छ। यसै सन्दर्भमा विभागबाट आ.व. २०७६/७७ मा सम्पादन गरीएका कार्यहरुको समिक्षाका रुपमा यो बार्षिक प्रगति प्रतिवेदन प्रकाशित भएकोमा मलाई खुसी लागेको छ।

सडक विभागबाट यातायातको पूर्वाधारको रुपमा सडक तथा पुलहरुको बिकासमा हासिल गरेका उपलब्धिहरु र यसबाट समग्र अर्थतन्त्रमा परेको सकारात्मक प्रभावको वारेमा आम नागरीक एवं सडक प्रयोगकर्तालाई सुसूचित गराउन उपयोगी हुनेछ भने बिगतका अनुभवबाट शिक्षा एबं प्रेरणा लिई भावी दिनमा कार्य योजना निर्माण गर्न समेत यो प्रगति प्रतिबेदन सहयोगी सिद्ध हुनेछ। साथै जनताको सूचना पाउने हक समेतको प्रत्याभूती हुनेगरी सडक विभाग र मातहतका निकायहरुबाट सम्पादन गरीएका कार्यको जानकारी उपलब्ध गराई पारदर्शिताको माध्यमबाट सुशासन कायम राख्नमा योगदान पु-याउने प्रस्तुत प्रतिवेदनको उद्देश्य भएको हुँदा यस प्रतिवेदनले सबै सरोकारवालाहरु समक्ष विभागले आ.व. २०७६/७७ मा सम्पन्न गरेका क्रियाकलापहरुको अध्यावधिक जानकारी प्रवाह गर्नेछ।

गत आ.व. मा सडक विभागको कार्य सम्पादनमा सहयोग र हौसला प्रदान गर्नुहुने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका माननीय मन्त्रीज्यू, श्रीमान् सचिबज्यू लगायत मन्त्रालय परिवारका साथै सम्बद्ध सबै निकाय प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

अन्त्यमा, हाल बिध्यमान कोभिड-१९ को महामारीमा समेत सडक विभाग अन्तर्गत सञ्चालन गरीएका आयोजनाहरुको यो हदसम्मको सफल कार्यान्वयनमा संलग्न सडक विभाग र अन्तर्गतको सबै महाशाखा, डिभिजन एबं आयोजना कार्यालयसँग सम्बद्ध कर्मचारीहरु मित्रहरु तथा प्रस्तुत प्रतिवेदन तयार गर्ने र प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनमा सडक विभागबाट सम्पादन हुने कार्यहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्न उत्प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

केशब कुमार शर्मा
महानिर्देशक

नेपाल सरकार

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

# सडक विभाग

# योजना तथा अनुगमन महाशाखा

चाकुपाट, ललितपुर



## शुभकामना

सडक विभाग अन्तर्गत आ. व. २०७६/७७ मा ६६ वटा बजेट उपशिर्षक अन्तर्गत योजना/आयोजनाहरु संचालनमा रहेका थिए। वार्षिक कार्यक्रममा उल्लेख भएका कार्यक्रममध्ये राष्ट्रिय गौरवका आयोजनाहरु हुलाकी राजमार्ग, पुष्पलाल (मध्यपहाडी) राजमार्ग, उत्तर दक्षिण (कर्णाली, कालीगण्डकी र कोशी) लोकमार्ग तथा मदन भण्डारी राजमार्ग योजना, व्यापारिक मार्ग विस्तार आयोजना, गल्छी त्रिशुली मैलुङ स्याफ्रुवेशी रसुवागढी सडक नेपाल सरकारको उच्च प्राथमिकतामा रहेका मुख्य आयोजनाहरु हुन। चक्रपथ विस्तार, स्याफ्रुवेशी रसुवागढी सडक, नागढुंगा नौबिसे सुरुङ्गमार्ग, नारायणघाट बुटवल सडक वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरु हुन् ।विभागबाट सडक, पुल निर्माण तथा मर्मत संभारको साथै सडक सुरक्षा अभिबृद्धि, फ्लाईओभर, सुरुङ मार्गहरुको अध्ययन, अनुसन्धान र राजमार्गहरुको डिजीटल डाटाबेस निर्माण तथा सडक, पुल निर्माण र मर्मतको लागि आवश्यक मेशीन, औजार, उपकरण आदिको व्यवस्थापन लगायत अन्य संस्थागत विकासका लागि पनि बिभिन्न कार्यक्रमहरु संचालन भई रहेका छन्।

आ.व. २०७६/७७ को अन्त्य सम्ममा नयाँ ट्र्याक निर्माण ५०० कि. मी. लक्ष्य रहेकोमा ३६५ कि.मी., खण्डास्मित १२०० कि. मी. लक्ष्य रहेकोमा ७५७ कि.मी. र सडक कालोपत्रे स्तरमा १२०० कि. मी. लक्ष्य रहेकोमा ७२९ कि.मी. नयाँ र ३५२ कि.मी. पुनः निर्माण तथा पुनर्स्थापना गरी १०८१ कि.मी. कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ भने ५२४ कि. मी. आवधिक मर्मत गर्ने लक्ष्य रहेकोमा ३६० कि मी आवधिक मर्मत कार्य सम्पन्न भएको छ।साथै ३०० वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा २१० वटा पुलहरु सम्पन्न भएका छन्। आ व को तेश्रो चौमासिकमा कोभिड १९ को कारण आयोजना कार्यान्वयनमा आएको समस्याका बाबजुध पनि ६५.१३% भौतिक प्रगति र ५४.६६% वित्तीय प्रगति भएको छ। नवीनतम प्रविधिहरुको प्रयोग गर्दै सडक पूर्वाधारको विकासमा आउँदा बर्षहरुमा थप सुधारका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइने छन् ।

यस प्रतिवेदन तयारीको सिलसिलामा आवश्यक पर्ने विभिन्न जानकारी एवं विवरणहरु उपलब्ध गराई सहयोग गर्नुहुने सडक विभाग मातहत रहेका महाशाखाहरु, डिभिजन कार्यालयहरु, आयोजना कार्यालयहरु र प्रतिवेदन तयारीमा खटिने योजना तथा अनुगमन शाखाका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।प्रतिवेदनलाई अझ तथ्यपरक एवं विश्लेषणात्मक तुल्याउन भविष्यमा सम्बन्धित सबै निकायहरुले अघिल्ला विवरणहरुलाई अध्ययन गरेर समयमै भएको प्रगति उपलब्ध गराउन सके प्रतिवेदनको महत्व अझ बढाउन सकिने छ। यसबाट प्रतिवेदन समयमै प्रकाशित हुनेमात्र नभई गुणात्मक सुधारमा समेत सहयोग पुग्नेछ।

अन्त्यमा, यो प्रतिवेदन सडक पूर्वाधार विकाससंग सम्बन्धित र जानकार रहन चाहने सबै पाठकवर्गहरुको लागि उपयोगी हुनेछ भन्ने बिश्वास लिएको छु।साथै, यस प्रतिवेदनलाई आगामी बर्षहरुमा अझ बढी उपयोगी बनाउन पाठकहरुबाट रचनात्मक प्रतिक्रिया एवं सुझावहरुको अपेक्षा राखेको छु।

शिवहरि सापकोटा
उप महानिर्देशक

# बिषय सूची


१. सडक विभागको परिचय र उद्देश्य

२. बार्षिक प्रगति आर्थिक बर्ष २०७६/०७७

३. सडक विभागबाट सम्पादन भएका उल्लेखनीय कार्यहरु

४. पन्ध्रौं आवधिक योजना अनुसारको लक्ष्य र प्रगति

५. विगत ३ बर्षको लक्ष्य प्रगतिको अवस्था

६. राष्ट्रिय गौरवका आयोजनाहरुको विस्तृत विवरण (आ.ब. २०७६/०७७ को प्रगति र हाल सम्मको अवस्था)

६.१ पुष्पलाल (मध्य-पहाडी) राजमार्ग आयोजना

६.२ हुलाकी राजमार्ग आयोजना

६.३ उत्तर-दक्षिण (कोशी, कालीगण्डकी, कर्णाली करिडोर ) राजमार्ग आयोजना

६.४ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना

७. मुख्य-मुख्य योजनाहरुको विवरण

७.१ मदन भण्डारी राजमार्ग आयोजना

७.२ नागढुंगा नौबिसे सुरुङ्ग मार्ग आयोजना

७.३ पुल निर्माण कार्य

७.४ व्यापारिक मार्ग विस्तार आयोजना

क) रानी-विराटनगर-ईटहरी

ख) जटही-जनकपुर

ग) विरगंज-पथलैया

घ) बेलहिया-बुटवल

ङ) मोहना-अत्तरिया

७.५ वैदेशिक सहयोगमा संचालित मुख्य मुख्य आयोजनाहरु

क) एशियाली विकास बैंकको ऋण सहयोगमा सन्चालित सडक योजनाहरू

ख) क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना

ग) सडक सुधार तथा विकास आयोजना

७.६ सडक बिभागमा सूचना प्रविधिको अवस्था

८. फोटोहरु

९. अनुसूची

अनुसूची १: आ.व. २०७६/७७ मा बिभिन्न प्रदेशमा भएको प्रगति स्थिति

अनुसूची २: सडक विभागको आ. व. २०७६/७७ को प्रगति विवरण

अनुसूची ३: सडक विभाग अन्तर्गत आ. व. २०७६/७७ मा सम्पन्न भएका पुलहरूको विवरण

अनुसूची ४: सडक विभाग अन्तर्गतका राष्ट्रिय राजमार्गहरु

## १) सडक विभागको परिचय र उद्देश्य

वि.सं. २००७ सालभन्दा अगाडि बाटोकाज गोश्वारा कार्यालय निर्माण भएको एउटा मात्र लेनमा ढुङ्गा छापेका भिमफेदी अमलेखगंज सडक, बुटवल भैरहवा सडक, राजधानी र तराईका केही शहरहरुमा ईट्टा र ढुङ्गाले छापेका सडक निर्माण तथा मर्मत कार्य गरीन्थ्यो । वि.सं. २०१४ सालमा सार्वजनिक निर्माण विभाग (Public Work Department) स्थापना भयो । भारत सरकारको सहयोगमा काठमाडौं-भैंसे (भिमफेदी-अमलेखगञ्ज सडकमा पर्ने) सडक निर्माण गरी मोटरबाटो भारतसँग जोडियो । हेटौडा-नारायणगढ सडक वि.सं. २०१५ सालमा निर्माण गरी पूर्व-पश्चिम राजमार्गको मध्य भागमा यातायात सञ्चालन भयो ।

उत्तर-दक्षिण व्यापारिक मूल बाटोलाई यातायात सञ्चालन गर्ने उद्देश्यले वि.सं. २०१४ सालमा Road Transport Organization (RTO) स्थापना गरीयो । RTO योजना PWD अन्तर्गत नभई छुट्टै योजनाको रुपमा स्थापना भयो । उक्त योजना वि.सं. २०१८ सालमा बन्द गरीयो ।

वि.सं. २०१८ सालमा PWD द्वारा पूर्व-पश्चिम राजमार्ग निर्माण गर्ने कार्य तर्जुमा भई निर्माण कार्य शुरु भयो । वि.सं. २०२४ सालमा पहिलो दीर्घकालीन सडक योजना तर्जुमा अघि बढाईयो साथै वि.सं. २०२७ सालमा PWD बाट भवन विभाग छुट्टिएर सडक विभाग नामाकरण गरी नयाँ विभाग स्थापना भयो । सोही सालबाट राजमार्ग तथा सहायक राजमार्गको अवधारणा अनुरुप सडक निर्माण कार्य अघि बढाईयो । यसैसँगै सहायक राजमार्गहरुको निर्माण कार्य तीव्र रुपमा वि.सं. २०३८ सालबाट अघि बढाईयो ।

वि.सं. २०५१ सालमा मुलुकभर रणनैतिक सडक सञ्जाल (Strategic Road Network-SRN) लाई १५ वटा राजमार्ग र ५१ वटा सहायक राजमार्गहरुमा विभाजन गरी सडक विभागबाट निर्माण/मर्मत सम्भार कार्य अगाडि बढाईयो । सोही समयदेखि दुई देशीय सम्बन्ध र विभिन्न दातृसंस्थाहरु- एशियाली विकास बैंक, विश्व बैंक र JICA को सहयोगमा सामरिक महत्वका सडकहरुलाई निर्माण/मर्मत सम्भार गर्ने कार्य अघि बढाईयो ।

वि.सं. २०५३ साल देखि रणनैतिक सडक सञ्जाल (SRN) मा परेका सडकहरुलाई निर्माण/मर्मत सम्भारको प्रभावकारी रुपमा निरन्तरता दिन प्राथमिक लगानी योजना (PIP) तथा २० बर्षे सडक योजना तर्जुमा गरी कार्य आरम्भ गरीयो । वि.सं. २०५८ साल देखि रणनैतिक सडकहरुलाई अझ प्रभावकारी एवं व्यवस्थित गर्न भौगोलिक सूचना प्रणाली (GIS) मा आवद्ध गरीयो । पूर्वाधार विकासका लागि सडक यातायातको महत्व अत्यन्त बढी भएको कुरा सडक विकासका लागि जनता र जनप्रतिनीधिहरुबाट भइरहेको मागबाट पनि स्पष्ट बुझ्न सकिन्छ ।

नवौं पञ्चवर्षीय योजनामा यातायात क्षेत्र, सडक उपक्षेत्रको मूल लक्ष्यको रुपमा **"कूल यातायात खर्च न्यूनतम राख्ने"** भन्ने निर्धारण गरीएको थियो । उक्त लक्ष्य प्राप्त गर्नका लागि सडक विभागले "देश भित्र तथा वाह्य क्षेत्र सँगको सम्पर्क वृद्धि गरी सडक पहुँच नपुगेका क्षेत्रमा पहुँच पुर्याउनुका साथै सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाउन आवश्यक योजना तर्जुमा, निर्माण तथा संभार

कार्यहरुको प्रभावकारी व्यवस्थापन गर्ने" उद्देश्य निर्धारण गरेको थियो । सडक विभागको रणनीति पत्र (The DoR Strategy १९९५) मा नेपाल सरकारको सडक उपक्षेत्रको नीतिलाई व्यावहारिक रुपमा लागू गर्ने निकायको रुपमा सडक विभागका कार्यहरु निम्नानुसार परिभाषित गरीएको छ ।

- देशको यातायात सेवाको आवश्यकता पूरा गर्ने गरी सामारिक महत्वका सडक सञ्जाल (Strategic Road Network, SRN) को निर्माण गर्ने,
- निश्चित स्तरको सेवा प्रदान हुने गरी सडक सञ्जालको संभार गर्ने, र
- पैदल यात्रु लगायत सम्पूण सडक प्रयोगकर्तालाई सडक प्रयोगमा यथोचित सुरक्षा प्रदान गर्ने।

आ.व.०७५/७६ को अन्त्य सम्ममा देशका एउटा जिल्ला सदरमुकाम सिमकोट बाहेक सबै जिल्ला सदरमुकाम सडक यातायात सँग जोडिएका छन् भने सामरिक महत्वका करिब १५ हजार कि.मी. सडक र स्थानीय सडक सञ्जालमा करिब ७० हजार कि.मी. भन्दा बढी सडक निर्माण भएको अवस्था छ । यसरी हालको अवस्थामा सडक सञ्जाल विकासको न्यूनतम आवश्यकता करिब करिब पूरा भएको अवस्था छ भने निर्माण सम्पन्न सडकहरुको सुदृढीकरण, सडक सेवा स्तरमा र सुरक्षा अवस्थामा सुधार र सङ्घीय संरचना अनुरुप सडक सञ्जालको विकास गरी देशको आर्थिक सामाजिक विकासमा प्रभावकारी र दिगो रुपमा टेवा पुर्याउनु सडक उपक्षेत्रको आजको आवश्यकता बनेको छ ।

भरपर्दो एवं वातावरणमैत्री राष्ट्रिय सडक सञ्जालको निर्माण तथा स्तरोन्नतिद्वारा यातायात सुविधाको विकास गरी क्षेत्रीय तथा सामाजिक असन्तुलनमा कमी ल्याउन एवं उच्च तथा दिगो आर्थिक वृद्धिद्वारा गरीबी न्यूनीकरण गर्न सहयोग पुर्याउने तथा सडक सम्पतीको संरक्षण गरी दिगो, भरपर्दो र सुरक्षित सडक यातायात सेवा सञ्चालन गर्ने उद्देश्य लिई सडक विभागले निरन्तर रुपमा कार्य गर्दै आएको छ । गत आर्थिक बर्ष २०७५/०७६ सम्म सडक विभाग अन्तर्गत २१ वटा राजमार्ग तथा २०९ वटा सहायक राजमार्ग निर्माण/मर्मत सम्भार भईरहेकामा नेपालको संविधान २०७२ को अनुसूची ५ मा भएको व्यवस्था अनुसार राष्ट्रिय यातायात नीति तथा राष्ट्रिय लोकमार्ग ब्यबस्थापन मात्र संघको जिम्मेवारीमा रहने हुँदा नेपाल सरकारको मिति २०७६/०२/०६ को निर्णय अनुसार ८० वटा राजमार्गलाई राष्ट्रिय राजमार्ग भनी निर्णय गरेको छ ।

## २) आ.व. २०७६/७७ को तेश्रो चौमासिक/बार्षिक प्रगति

आ. व. २०७६/७७ मा सडक विभाग अन्तर्गतका विकास आयोजना पुँजीगततर्फ शुरुमा रु. १ खर्ब २१ अर्ब ५३ करोड ५२ लाख बिनियोजन भएकोमा संसोधित बजेट १ खर्ब २७ अर्ब १३ करोड १६ लाख ७६ हजार कायम भएको छ । तेश्रो चौमासिकमा रु. ४७ अर्ब ४६ करोड ९६ लाख बिनियोजन भएकोमा तेश्री चौमासिक तर्फ रु ३१ अर्ब ९४ करोड ३१ लाख ८३ हजार खर्च भएको छ । शुरुको बिनियोजनको तुलनामा ५७.१७% र संसोधित विनियोजित कुल बार्षिक रकमको तुलनामा वित्तीय प्रगति ५४.६६ % भएको छ। तेश्रो चौमासिकको बिनियोजनको तुलनामा ६७.२९% रहेको छ र अन्य प्रगति निम्नानुसार रहेको छ ।

**भौतिक प्रगति**

तेश्रो चौमासिक मात्र - ६२.९५ प्रतिशत

वार्षिक भारित प्रगति- ६५.१३ प्रतिशत

**वित्तीय प्रगति**

तेश्रो चौमासिक मात्र - ६७.२९ प्रतिशत

वार्षिक प्रगति- ५७.१७ प्रतिशत (शुरुको बिनियोजन), ५४.६६ प्रतिशत (संसोधित)

### वित्तीय प्रगति स्रोत सहित

| श्रोत | बिनियोजन (रु हजारमा ) | खर्च (रु हजारमा) | प्रगति (%) |
|---|---|---|---|
| नेपाल सरकार | ७५,३२,३९,७६ | ४४,८४,७७,६० | ५९.५४ |
| बैदेशिक ऋण | ४७,१०,७७,०० | २३,४६,३९,६० | ४९.८१ |
| बैदेशिक अनुदान | ४,७०,००,०० | १,१७,५७,२७ | २५.०२ |
| जम्मा= | १,२७,१३,१६,७६ | ६९,४८,७४,४७ | ५४.६६ |

## ३) सडक विभागबाट आ. व. २०७६/७७ मा सम्पादन भएका उल्लेखनीय कार्यहरु

१) सडक बिभाग अन्तर्गत ७२९ कि.थप सडक कालोपत्रे स्तरमा स्तरोन्नती भएको साथै ३५२ कि .मी.मी. कालोपत्रे सडक पुनः निर्माण तथा पुनर्स्थापना गरी कुल १०८१ कि.मी. कालोपत्रे कार्य सम्पन्न ।

२) ३६५ कि.मी. नयाँ ट्रयाक निर्माण, ७५७ कि.मी. सडक खण्डास्मित स्तरमा स्तरोन्नति सम्पन्न ।

३) तेश्रो चौमासिक (लकडाउन अबधि) मा ५५२ कि. मी. कालोपत्रे, ४११ कि. मी. ग्राभेल, १३६ कि. मी. नयाँ ट्रयाक निर्माण र ८१ वटा पुल निर्माण कार्य सम्पन्न ।

४) आ व २०७६ ७७ मा कुल ३०० वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा स्थानीय सडक पुल अन्तर्गत/ ११२ वटा र रणनैतिक महत्वका सडकहरु अन्तर्गत ९८ पुलहरु गरी जम्मा २१० वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ।

५) करिब ७२०० कि.मी. सडकको नियमित तथा पटके मर्मत संभारको निरन्तरता र ५२४ कि. मी. आवधिक मर्मत गर्ने लक्ष्य रहेकोमा नियमित र पटके ७२०० कि.मी. र ३६० कि.मी. सडकको आवधिक मर्मत कार्य सम्पन्न भएको छ।

६) काठमाडौं उपत्यका चक्रपथको ग्वार्को, सातदोबाटो, एकान्तकुना चोकहरुमा फ्लाई ओभर डिजाइन गर्न परामर्शदाता छनौट भएको र आ. व. २०७७/७८ मा उक्त कार्य डिजाइन सम्पन्न भई खरिद कार्य सुरु गरीने ।

७) सुरुंग मार्ग निर्माणका लागी आवश्यक नर्म्स, स्पेसिफिकेसन तयार गरी स्वीकृतिको लागि पेश भएको ।आ. व. २०७७/७८ को प्रथम चौमासिक भित्र सिद्धबाबा सुरुंगमार्ग निर्माणको लागी ठेक्का प्रक्रिया शुरु गर्न तयारी भइरहेको ।

८) अविरल वर्षाले राष्ट्रिय राजमार्गहरुमा आउने बाढी, पहिरोको कारण सवारी आवागमनमा हुन सक्ने अबरोधलाई मध्यनजर गरी सामान्य अवस्थामा ३० मिनेट भित्र अबरोध सिर्जना भएको स्थानमा पुगी ४ घण्टा भित्र यातायात संचालन सुचारु गर्ने उद्देश्यका साथ १९८ स्थानहरुमा Heavy Equipment हरु तैनाथ गरी राखिएको ।

९) मध्यपहाडी (पुष्पलाल) राजमार्गतर्फ १११ कि. मी. कालोपत्रे, ९० कि. मी. ग्राभेल, १६ वटा पुल निर्माण सम्पन्न भएको ।

१०) हुलाकी राजमार्गतर्फ १९२ कि. मी. कालोपत्रे , १०३ कि. मी. ग्राभेल, ८ वटा पुल निर्माण सम्पन्न भएको छ।

११) उत्तर दक्षिण लोकमार्ग अन्तर्गका सडकहरुमा ८९.७ कि.मी. ग्राभेल, ७ कि.मी. ट्रयाक निर्माण तथा १० वटा पुल निर्माण कार्य सम्पन्न भएको छ ।

- कर्णाली करिडोर (खुलालु-सल्लीसल्ला खण्ड) ७ कि.मी. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ ।

- कोशी करिडोर : १६ कि.मी. सडक चौडा, २.७ कि.मी. ग्राभेल कार्य सम्पन्न भएको छ। १४ कि.मी. को ट्र्याक खोल्ने कार्य नेपाली सेनाबाट सञ्चालन रहेको छ ।
- कालीगण्डकी करिडोर सडक (गैडाकोट-राम्दी —मालढुंगा र बेनी जोमसोम) सडक अन्तर्गत ८७ कि.मी. ग्राभेल सडक र १० वटा पुल निर्माण कार्य सम्पन्न भएको छ।

११) काठमाण्डौ उपत्यका सडक विस्तार आयोजना ४३ कि.मी. सडक विस्तार गर्ने लक्ष्य रहेकोमा यस आ.ब.को तेश्रो चौमासिक सम्ममा २९ कि.मी. सडकको विस्तार सम्पन्न भएको छ।

१२) गल्छी–त्रिशुली -बेत्रावती- मैलुंग (४६ कि.मी. ) सडकलाई दुई लेनको कालोपत्रे स्तरमा स्तरोन्नती कार्य अन्तर्गत १२.७ कि.मी. कालोपत्रे कार्य सम्पन्न भएको, मैलुंग स्याफ्रुबेसी १८ कि. मी. ठेक्काको ब्यबस्थापन कार्य सम्पन्न, स्याफ्रुबेसी रसुवागढी १६ कि.मी. सडक चीन सरकार बाट निर्माण कार्य शुरु भएको छ ।

१३) भारतीय नाकाहरुलाई पूर्व–पश्चिम राजमार्गसंग जोडी उपभोग्य वस्तुहरुको परिवहनमा सहजता ल्याउन व्यापारिक मार्ग विस्तार कार्यक्रम अन्तर्गत ६ लेनमा सडक विस्तार गर्ने कार्यक्रम अन्तर्गत आ. व. २०७६/७७ मा तपसिलका प्रगति भएको :

- ✓ वेलहिया—बुटवल सडक अन्तर्गत ४.६६ कि. मी. कालोपत्रे गर्ने लक्ष्य रहकोमा ०.६५ कि.मी. कालोपत्रे सम्पन्न भएको।
- ✓ रानी—विराटनगर—ईटहरी सडकको १५ कि. मी. कालोपत्रे गर्ने लक्ष्य रहकोमा १०.६ कि.मी. कालोपत्रे सम्पन्न भएको।
- ✓ विरगंज—पथलैया सडकको १८ कि. मी. कालोपत्रे, ३ वटा पुल निर्माण गर्ने लक्ष्य रहकोमा ५.५ कि.मी. कालोपत्रे, २ वटा पुल निर्माण कार्य सम्पन्न भएको।
- ✓ जटही—जनकपुर—ढल्केवर सडकको १३ कि. मी. कालोपत्रे गर्ने लक्ष्य रहकोमा १३ कि.मी. कालोपत्रे सम्पन्न भएको।
- ✓ मोहनापुल अत्तरिया सडकको ५.५ कि. मी. कालोपत्रे गर्ने लक्ष्य रहकोमा ६.४ कि.मी. कालोपत्रे सम्पन्न भएको।

१४) मदन भण्डारी राजमार्ग निर्माणतर्फः कुल ९० कि.मी. सडक कालोपत्रे, १८ वटा पुल निर्माण सम्पन्न । धरान देखि झापा शान्तिनगर खण्ड ११२ कि. मी.,को बिस्तृत परियोजना प्रतिबेदन (DPR) अन्तिम चरणमा रहेको।


१५) सितापाइला (नौविसे सुरूङ्ग मार्ग निर्माण को लागि सुरुंगमार्ग (Tunnel) को निर्माणको लागि पहुँच सडकको निर्माण कार्य शुरु भएको छ ।


१६) सडक सुधार तथा विकास आयोजना अन्तर्गत १२६ कि. मी. कालोपत्रे, ८८ कि. मी. ग्राभेल, ९३ कि.मी. माटे सडक निर्माण गर्ने लक्ष्य रहेकोमा ५६.७ कि. मी. कालोपत्रे, ५७ कि. मी. ग्राभेल, ५३ कि.मी. माटे सडक निर्माण कार्य सम्पन्न भएको छ ।


## ४) पन्ध्रौं पन्च बर्षीय योजना को लक्ष्य र प्रगति


| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७५/७६) | २०७६/७७ | |
|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति |
| १ | राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) | कि.मी. | ५९९४ | ७१९४ | ६३६४ |
| २ | राष्ट्रिय राजमार्ग (दुई लेनमाथी द्रुतमार्ग समेत) | कि.मी. | ९६ | १५५ | १५९ |
| ३ | राष्ट्रिय राजमार्ग (नयाँ ट्र्याक निर्माण, वार्षिक) | कि.मी. | २६० | ३१६ | ६३ |
| ४ | राष्ट्रिय राजमार्ग पुनर्स्थापना तथा पुनर्निर्माण (वार्षिक) | कि.मी. | १८२ | २०० | २७० |
| ५ | राष्ट्रिय राजमार्ग आवधिक मर्मत सम्भार (वार्षिक) | कि.मी. | ३२० | ७२९ | ३६० |
| ६ | राष्ट्रिय राजमार्ग नियमित मर्मत सम्भार (वार्षिक) | कि.मी. | ९१५५ | ७१८७ | ७२०० |
| ७ | सडक पुल निर्माण | वटा | २३११ | ३०० | २१० |


## ५) सडक विभाग अन्तर्गत विगत ५ बर्षको लक्ष्य तथा प्रगति










विगत पाँच वर्षको कालोपत्रे सडक निर्माणको प्रगति
१४००
१२००
१०००
८००
६००
४००
२००
०
३६५
२६४
७२७
६३०
१०२७
९०४
१२२६
९८८
१२००
७२९
२०७२/७३
२०७३/७४
२०७४/७५
२०७५/७६
२०७६/७७
कालोपत्रे सडक निर्माण लक्ष्य, कि.मि.
कालोपत्रे सडक निर्माण प्रगति, कि.मि.


विगत पाँच वर्षको ग्राभेल सडक निर्माणको प्रगति
१६००
१४००
१२००
१०००
८००
६००
४००
२००
०
४०६
३४५
११५५
९९२
१२५७
१३१३
१४१६
१३६३
१२००
७५७
२०७२/७३
२०७३/७४
२०७४/७५
२०७५/७६
२०७६/७७
ग्राभेल सडक निर्माण लक्ष्य, कि.मि.
ग्राभेल सडक निर्माण प्रगति, कि.मि.


विगत पाँच वर्षको नयाँ ट्र्याक निर्माणको प्रगति
१२००
१०००
८००
६००
४००
२००
०
९००
६३९
१०५४
८०९
१०२०
९७१
६५१
४४०
५००
३६५
२०७२/७३
२०७३/७४
२०७४/७५
२०७५/७६
२०७६/७७
नयाँ ट्र्याक निर्माण लक्ष्य, कि.मि.
नयाँ ट्र्याक निर्माण प्रगति, कि.मि.


विगत पाँच वर्षको पुल निर्माणको प्रगति
३५०
३००
२५०
२००
१५०
१००
५०
०
१२५
६३
१००
७२
१००
८२
३००
२४३
३००
२१०
२०७२/७३
२०७३/७४
२०७४/७५
२०७५/७६
२०७६/७७
पुल निर्माण लक्ष्य, वटा
पुल निर्माण प्रगति, वटा


विगत पाँच वर्षको आवधिक मर्मत संभारको प्रगति
९००
८००
७००
६००
५००
४००
३००
२००
१००
०
८५०
४४३
६००
१९५
६००
३३२
३३४
२३०
५२४
३६०
२०७२/७३
२०७३/७४
२०७४/७५
२०७५/७६
२०७६/७७
आवधिक मर्मत संभार लक्ष्य, कि.मि.
आवधिक मर्मत संभार प्रगति, कि.मि.


विगत पाँच वर्षको पुल निर्माणको प्रगति
३५०
३००
२५०
२००
१५०
१००
५०
०
१२५
६३
१००
७२
१००
८२
३००
२४३
३००
२१०
२०७२/७३
२०७३/७४
२०७४/७५
२०७५/७६
२०७६/७७
पुल निर्माण लक्ष्य, वटा
पुल निर्माण प्रगति, वटा

## ६) राष्ट्रिय गौरवका आयोजनाहरुको विस्तृत विवरण (आ.ब. २०७६/०७७ को प्रगति)

नेपाल सरकारले पहिलोपल्ट आ.व. ०६८/६९ देखि आयोजनाको काम र राष्ट्रिय अर्थतन्त्रमा यसले पार्ने प्रभावको दृष्टिले महत्वपूर्ण देखिएका १७ वटा आयोजनाहरुलाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा वर्गीकरण गरेको थियो । आ.व. ०७०/७१ मा त्यस्ता प्रकृतिका चार आयोजना समेत गरी राष्ट्रिय गौरबका आयोजना हाल २१ वटा छन् ।सो मध्ये सडक बिभाग अन्तर्गत ५ वटा आयोजनाहरु क) पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना, ख) हुलाकी राजमार्ग आयोजना, र उत्तर दक्षिण करिडोर अन्तर्गत ग) कोशी करिडोर, घ) कालिगण्डकी करिडोर, ङ) कर्णाली करिडोर राष्ट्रिय गौरबका आयोजनाका रुपमा निर्माण/स्तरोन्नति कार्य भैरहेको छ ।

### ६.१ पुष्पलाल (मध्य-पहाडी) राजमार्ग आयोजना

१) <u>पृष्टभूमि</u>

पूर्वाधारको पनि पूर्वाधारको रुपमा रहेको सडक यातायात देशको सर्वाङ्गिण विकासको लागि मेरुदण्ड मानिन्छ। नेपाल जस्तो भूपरिवेष्ठित एवं भौगोलिक विविधता भएको मुलुकको आर्थिक तथा सामाजिक विकासको सम्भावना रहेको हुँदा यो क्षेत्रलाई सुद्रढीकरण गर्दै अगाडी बढ्नु जरुरी छ। राष्ट्रिय राजमार्ग तथा सडक यातायात संजालको विकास गरी सडक प्रयोगकर्ताहरुलाई सरल, सजिलो र सुलभ यात्रा उपलब्ध गराऊन आवश्यक सडक र पुल जस्ता भौतिक संरचनाहरुको विकास तथा विस्तार गर्न अपरिहार्य छ ।

सडक सञ्जालको विकासलाई आत्मसात गर्दै, नेपालको मध्य पहाडी भुभागका जिल्लाहरुलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले तराईका जिल्लाहरु समेटेर निर्माण गरीएको पूर्व पश्चिम राजमार्ग जस्तै पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्ज्याङ्ग (नेपाल भारत सिमाना) देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट (महाकाली नदी) सम्म पुग्ने गरी करीब १८७९ कि.मी. लम्बाईको वैकल्पिक राजमार्ग निर्माण गर्ने उद्देश्यका साथ नेपाल सरकारको आन्तरिक श्रोतवाटै सम्पूर्ण खर्च व्यहोर्ने गरी आ.व. २०६४/०६५ देखि मध्य पहाडी राजमार्ग आयोजना संचालनमा रहेको छ।

## २) राजमार्गको रेखाङ्कन

प्रारम्भ बिन्दुः पाँचथर जिल्लाको पुर्वी भेगमा पर्ने चियोभन्ज्याङ्ग, (नेपाल भारत सिमा) बाट शुरु भई बैतडी जिल्लाको झुलाघाट (नेपाल—भारत सिमा) सम्म पुग्ने गरी नेपाल सरकारबाट स्वीकृत रेखाङ्कन निम्न उल्लिखित स्थानहरु हुंदै निर्माण गरीने निर्णय भएको छ।

प्रदेश नं. १ः चियोभञ्ज्याङ्ग, च्याङ्गथापु, ओयाम, थर्पु, गणेशचोक, गोपेटार, जोरसाल, तमोर नदी, सक्रान्ती बजार, म्याङ्गलुङ्ग, बसन्तपुर, हिले, लेगुवाघाट, भोजपुर, दिक्तेल, हलेसी, हिलेपानी, टोक्सेलघाट (घुर्मी)

प्रदेश नं. ३ः घुर्मी, खुर्कोट, राकाथुम, चौरीखोला, दोलालघाट, बाहुनेपाटी, पातीभञ्ज्याङ्ग—सानो कात्तिके, छहरे, त्रिशुली, सल्यानटार, गोरखा सिमाना (आरुघाट)

प्रदेश नं. ४ः गोरखा सिमाना (आरुघाट), पालुङ्गटार, भोर्लेटार, भगवतीटार, भैसे, पोखरा, बागलुङ्ग, बुर्तिवाङ्ग, वाग्लुङ्ग ( रुकुम सिमाना)

प्रदेश नं. ५ः रुकुम सिमाना, लुकुमगाँउ, रुकुमकोट

प्रदेश नं. ६ः मुसिकोट, चौरजहारी, जगातीपुर, बेस्ताडा, दैलेख, दुल्लु, जम्बुकाँध, सात्तला, साइजिउला, बेलखेत

प्रदेश नं. ७ः बेलखेत, बिनायक, साफेबगर, सिलगढी, डडेलधुरा, पाटन, सतबाँझ, झुलाघाट

## ३) योजना कार्यालय र कार्यक्षेत्र विवरण

| सि.नं. | योजना कार्यालयहरु | कार्यक्षेत्र (जिल्ला) | कार्यक्षेत्र भित्रको कुल सडक लम्बाई (कि.मि.) | कैफियत |
|---|---|---|---|---|
| १ | पाँचथर | पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर | ३८६ | (१४८ कि.मि. तमोर करिडोर) |
| २ | काभ्रेपलाञ्चोक | खोटाङ, ओखलढुङ्गा, उदयपुर, सिन्धुली, रामेछाप, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक | ३३५ | |
| ३ | गोरखा | नुवाकोट, धादिङ, गोरखा, लमजुङ | २६० | |
| ४ | पर्वत | कास्की, पर्वत, बागलुङ | २४५ | |
| ५ | दैलेख | रुकुम पुर्व, रुकुम पश्चिम, जाजरकोट, दैलेख, अछाम | ४१० | डोटी, डडेल्धुरा र वैतडी जिल्लाको २४३ कि.मि. सडक बाहेक |
| | जम्मा | | १,६३६ | |

## ४) आ. व. २०७६/७७ को प्रगति विवरण

| | तेश्रो चौमासिकको तुलनामा | वार्षिक तुलनामा |
|---|---|---|
| भौतिक प्रगति, % | ७२%४६. | ७३%२३. |
| लक्ष्य | १०० कि .मी. कालोपत्रे,३५ कि.मी. ग्राभेल; १२ वटा पुल निर्माण | ३५० कि .मी. कालोपत्रे, ३९० कि . मी. ग्राभेल; १६ वटा पुल निर्माण |
| प्रगति | ४२ कि .मी. कालोपत्रे, ४८ कि .मी. ग्राभेल, २ वटा पुल निर्माण सम्पन्न | १११ कि .मी. कालोपत्रे, ९० कि .मी. ग्राभेल, १६ वटा पुल निर्माण सम्पन्न |
| वित्तीय प्रगति, % | ७८%११. | ७२%४६. |
| विनियोजित वजेट (हजार) | ३,३७,४८,५७ | ८,६०,७३,०० |
| खर्च (हजार) | २,६३,६२,४१ | ६,२३,६६,९९ |

## ५) हालसम्मको समष्टिगत प्रगति

आ.व. २०६४/६५ देखि शुरु भएको यस आयोजनाको कुल लागत ८४ अर्ब ३३ करोड रहेकोमा आ.व. २०७६/७७ सम्म रु ४६ अर्ब १४ करोड खर्च भैसकेको छ।१५ औ पञ्चवर्षीय योजनामा व्याख्या भए बमोजिम उक्त आयोजनाको सम्पुर्ण कार्य आ.व. २०७९/८० भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ। कुल १८७९ मध्ये ४५२ कि.मी. आयोजनाबाट, ४६२ कि मि अन्य निकायबाट.गरी ९१४ कि.मी. कालोपत्रे, कुल १२९ पुल मध्ये ८४ वटा पुल सम्पन्न, १६८ कि.मी. सडक र ९ वटा पुलको ठेक्का व्यवस्थापन भएको छ र समष्टिगत भौतिक प्रगति ४८.९४ प्रतिशत रहेको छ।

## ६.२ हुलाकी राजमार्ग आयोजना

### <u>१) पृष्टभूमि</u>

राजमार्ग तथा सडक यातायात संजालको विकास गरी सडक प्रयोगकर्ताहरुलाई सरल, सजिलो र सुलभ यात्रा उपलब्ध गराऊन आवश्यक सडक र पुल जस्ता भौतिक संरचनाहरुको विकास तथा विस्तार गर्न अपरिहार्य छ। राष्ट्रिय सडक संजालले देशको विकासोन्मुख देशको आर्थिक, सामाजिक र सास्कृतिक रुपान्तरणमा योगदान दिदै, सरकारले अघि सारेको "सम्बृद्ध नेपाल, सुखी नेपाली" को मुल नारालाई यथार्थमा परिणत गर्न महत्वपुर्ण भुमिका खेल्ने विषयमा दुई मत छैन।

यही आवश्यकता र त्यसका उपलब्धिहरुलाई आत्मसात गर्दै, नेपालको तराई मधेश भुभागका जिल्लाहरुलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले तराईका २१ जिल्लाहरु समेटेर निर्माण गरीएको पूर्व पश्चिम राजमार्ग जस्तै तराई मधेशको दक्षिणी क्षेत्रको पूर्वमा मेची देखि पश्चिममा महाकाली सम्म पुग्ने गरी करीब ९७५ कि.मी. हुलकी राजमार्ग र अन्य सहायक मार्गहरु ८१७ कि.मी. समेत गरी जम्मा १७९२ कि.मी. लम्बाईको सडक निर्माण गर्ने उद्देश्यका साथ भारत सरकारको सहयोगको साथै नेपाल सरकारको आन्तरिक श्रोतवाट खर्च व्यहोर्ने गरी आ.व. २०६६/६७ देखि हुलाकी राजमार्ग आयोजना संचालनमा रहेको छ।

### २. राजमार्गको रेखाङ्कन विवरण

प्रारम्भ बिन्दुः झापा जिल्लाको भद्रपुर स्थित मेची पुल (भद्रपुर, नेपाल भारत सिमा) देखि कञ्चनपुर जिल्लाको दोधारा (नेपाल—भारत सिमा) सम्म जोडिने गरी नेपाल सरकारबाट निम्न उल्लिखित स्थानहरु हुंदै जानेगरी रेखांकन स्विकृति प्राप्त भएको छ।

प्रदेश नं. १: मेची पुल (भद्रपुर), रतुवा, केशलिया, लौकाहि (पुल्चोक), कोशी व्यारेज (मरामा)।
प्रदेश नं.२: कोशी व्यारेज (म.रा.मा.), भारदह, कञ्चनपुर, राजविराज, वलान, कमला, जनकपुर, बसवित्ती, हर्दी, मलंगवा, वागमती (वदर्हवा), महेशपुर, अरुवा, कलैया, वारा, विरगंज, अमुवा पोष्ट।
प्रदेश नं. ३: अमुवा पोष्ट, माडी रियू खोला, जगतपुर, वहुवन।
प्रदेश नं. ४: वहुवन, त्रिवेणी
प्रदेश नं. ५: त्रिवेणी, बरुवा, नारायणचोक ,परासी, मोवा, भैरहवा, लुम्बिनी, कोठी, तौलिहवा, बहादुरगंज , रामनगर, चराई नाका, कालाकाटे, गोवरडिहा, गढवा, राजपुर, गोठुवा, कुम्वर, वेतहनी, नेपालगंज , मानखोला, गुलरिया, कोठियाघाट, राजापुर, कर्णाली (सती)।

प्रदेश नं. ७ः कर्णाली (सती), धनगढी, कञ्चनपुर वोर्डर, काजागाँऊ, दोधारा।

## ३. योजना कार्यालय र कार्यक्षेत्र विवरण

| सि नं | कार्यालय | कार्यक्षेत्र |
|---|---|---|
| १) | योजना कार्यालय, ईटहरी | झापा, मोरंग, सुनसरी र सप्तरी |
| २) | योजना कार्यालय, जनकपुर | सिराहा, धनुषा, महोत्तरी र सर्लाही |
| ३) | योजना कार्यालय, बिरगंज | रौतहट, बारा, पर्सा र चितवन |
| ४) | योजना कार्यालय, शिवपुर | नवलपरासी, रुपन्देही र कपिलवस्तु |
| ५) | योजना कार्यालय, नेपालगंज | दाङ्ग, बाँके र बर्दिया |
| ६) | योजना कार्यालय, धनगढी | कैलाली, कंचनपुर |
| ७) | सडक डिभिजन भरतपुर | चितवन |

## ४. आ. व. २०७६/७७ को प्रगति विवरण

| | तेश्रो चौमासिकको तुलनामा | वार्षिक तुलनामा |
|---|---|---|
| भौतिक प्रगति, % | ६५%४. | ७०%४५. |
| लक्ष्य | १६८ कि.मी. कालोपत्रे; ७० कि.मी. ग्राभेल; ८ वटा पुल निर्माण | ३५० कि.मी. कालोपत्रे; १२५ कि.मी. ग्राभेल; १९ वटा पुल निर्माण |
| प्रगति | ९८ कि.मी. कालोपत्रे; ७० कि . मि ग्राभेल सडक सम्पन्न | १९२ कि .मी. कालोपत्रे , १०३ कि . मी. ग्राभेल, ८ वटा पुल निर्माण सम्पन्न |
| वित्तीय प्रगति, % | १००% | ५८%२६. |
| विनियोजित वजेट (हजार) | ४,०२,६१,४९ | १३,५०,८१,०० |
| खर्च (हजार) | ५,५१,१७,१८ | ७,८७,०४,०८ |

## ५. हालसम्मको प्रगति


आ.व. २०६६/६७ देखि शुरु भएको यस आयोजनाको शुरु लागत ४७ अर्ब २४ करोड रहेकोमा हाल विभिन्न स्थानमा रेखाङ्कन परिवर्तन र मुल्य वृद्धिको कारण संशोधित कुल लागत ६५ अर्ब २० करोड अनुमान गरीएको छ । आ.ब. २०७६/७७ सम्ममा भारतीय अनुदान तर्फ ५ अर्ब ५२ करोड समेत गरी जम्मा रु ३५ अर्ब ४० करोड खर्च भैसकेको छ। आ.ब. २०७६/७७ मा १३.६ अर्ब बजेट (२.०५ अर्ब भारतीय अनुदान समेत) बिनियोजन भएको छ । १५ औ पञ्चवर्षीय योजनामा

व्याख्या भए बमोजिम उक्त आयोजनाको सम्पुर्ण कार्य आ.व. २०७९/८० भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजना शुरु गर्दा पहिले नै संचालनमा रहेका अधिकांश सडकलाई राजमार्गमा समावेश गरीएको र केही थप नयाँ सडक निर्माण गर्नुपर्ने देखिएकोमा पछि विभिन्न खण्डमा रेखाङ्कन परिवर्तन हुन गई नयाँ सडकको लम्बाई बढ्न गएको र शुरु लागतमा पनि वृद्धि भएको देखिन्छ। आ.ब. २०७६/७७ सम्ममा कुल १७९२ कि.मी. मध्ये ५१२ कि.मी. कालोपत्रे, २८८ कि.मी. ग्राभेल सम्पन्न, बाँकी ५४४ कि.मी. मध्ये ३८६ कि .मी. सडकको ठेक्का सम्झौता भएकोपुल २१९ कुल , वटा पुल सम्पन्न ९५ मध्ये भएको र समष्टिगत भौतिक प्रगति ५४ प्रतिशत रहेको छ।

## ६.३ उत्तर दक्षिण राजमार्ग आयोजना (कोशी, कालीगण्डकी र कर्णाली करिडोर )

१) **पृष्ठभूमि**

रणनीतिक, व्यापारिक, ऐतिहासिक र सामरिक महत्त्व भएका उत्तर दक्षिण सडक सञ्जालबाट दुई छिमेकी चीन र भारतसंग व्यापार सम्बन्ध मजबुत गर्ने लक्ष्य अनुरुप नेपाल सरकारले प्रमुख आठवटा सडक सञ्जाल निर्माण गर्ने लक्ष्य राखेको छ ।आठवटा उत्तर दक्षिण करिडोर मध्ये तीनवटा सडक लाई नेपाल सरकारले राष्ट्रिय गौरवका आयोजनाको सूचीमा राखेर प्राथमिकताका साथ निर्माण गरीरहेको छ ।



## राष्ट्रिय गौरवका तीन आयोजना

नेपाल सरकारले उत्तर–दक्षिण जोड्ने तीनवटा सडक कालीगण्डकी, कोशी र कर्णाली, राजमार्गलाई २०६४ देखि निर्माण थालेको हो । २०६६ देखि नेपाल सरकारले यी राजमार्गहरुलाई  राष्ट्रिय गौरवको आयोजनामा सूचीकृत गरेर प्राथमिकताका साथ ट्र्याक खोल्ने, स्तरोन्नति गर्ने कार्य चालु रहेको छ ।




२) **योजना कार्यालय र कार्यक्षेत्र विवरणः**

**क)** कालीगण्डकी करिडोर

**पहिल्लो खण्ड : गैडाकोट-राम्दी -मालढुंगा**


४४४ कि. मी. सम्पूर्ण खण्ड मध्ये पहिलो खण्ड (गैडाकोट-राम्दी -मालढुंगा) सडक (२४५ कि.मी.) स्तरोन्नति कार्य गैंडाकोट-राम्दी-मालढुङ्गा सडक योजना पाल्पा बाट कार्यन्वयन भईरहेको छ । सडक सुधार तथा विकास योजना अन्तर्गत गैंडाकोट-राम्दी १३२ कि.मी. सडकखण्ड कालोपत्रे गर्ने कार्यको सम्झौता भई निर्माण कार्य भईरहेको छ। राम्दी-मालढुङ्गा खण्ड नेपाल सरकारको लगानीमा उत्तर दक्षिण/व्यापारिक मार्ग निर्देशनालय अन्तर्गत कार्यन्वयन भईरहेको छ ।

**दोश्रो खण्ड (बेनी-जोमसोम —कोरोला)** १८६ कि. मी. स्तरोन्नति गर्ने कार्य बेनी-जोमसोम —कोरोला सडक योजना, जोमसोमबाट निर्माणाधीन  छ । मालढुंगा देखि बेनी सम्म १३ कि. मी. को सडक विस्तारको लागि ठेक्का ब्यबस्थापनको प्रक्रियामा रहेको छ ।


## ख) कोशी करिडोर

दक्षिणी नाका मोरङको रानीदेखि संखुवासभाको किमाथांका जोड्ने यो राजमार्गको ३८५ किलोमिटर लामो छ । खाँदबारी किमाथांका १६२ कि.मी. मध्ये १४ किलोमिटर ट्र्याक निर्माणको कार्य नेपाली सेनाबाट भईरहेको छ। रानी देखि संखुवासभाको सदरमुकाम खाँदबारीसम्म कालोपत्रे भइसकेको छ । खाँदबारी–नुम ४० किलोमिटर खण्डमा स्तरोन्नति कार्य चालु रहेको छ ।

कोशी राजमार्ग बिराटनगरको रानी भन्सार नाका देखि संखुवासभाको किमाथांका सीमा सम्म पुग्ने राजमार्ग आर्थिक बिकास को दृष्टिले अत्यन्त महत्वपुर्ण सडक हो । अरुण नदीको किनारैकिनार चीनको तिब्बती सहर रियूमा जोडिने उत्तर–दक्षिण यो राजमार्ग बनेमा नेपाल, चीन र भारतबीच ब्यापार बढ्न सक्ने देखिन्छ । यो राजमार्गको उत्तरी सीमाविन्दु किमाथांकाबाट तिब्बतको दोस्रो ठूलो व्यापारिक सहर सिगात्से ३०० कि. मी. दूरीमा पर्छन् । अर्को तर्फ दक्षिणी सीमा विराटनगर भारतको कोलकाताबाट सामान ओसार पसार हुने धेरै पुरानो नाका हो । किमाथांका हुँदै सिगात्से जोडिने सडक अरुण नदीको तिरैतिर पर्ने भएकाले उच्च हिमाली क्षेत्र भए पनि हिउँ बाधक बन्दैन ।




यो सडक सम्पन्न भएपछि बिराटनगर हुँदै बंगलादेश, भारत, चीन र भुटानको समेत व्यापारिक साझेदारी केन्द्रको रुपमा विकास हुन सक्ने देखिन्छ ।




### ग) कर्णाली राजमार्ग

कर्णाली राजमार्ग उत्तर दक्षिण जोड्ने सडकहरु मध्ये महत्त्वाकांक्षी र सबैभन्दा कठिन भूगोल भएको निर्माण भईरहेको छ । यो राजमार्गले नेपालगन्जको जमुनाह नाकादेखी हुम्लाको सीमा हिल्सासम्म जोड्ने उद्देश्य रहेको छ। यो राजमार्ग उत्तर–दक्षिण जोड्ने राजमार्गहरु मध्ये सबैभन्दा लामो ६८२ कि.मी. सडक हुनेछ । खुलालु देखि सल्लिसल्ला सम्म (१२४ कि मी.) सडक नेपाली सेनाबाट ट्र्याक निर्माण कार्य भैरहेकोमा हालसम्म १०६ कि. मी. ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ ।सडक बिभागबाट सल्लिसल्ला देखि हिल्सा सम्म १४५ कि. मी. सडक निर्माण कार्य भईरहेकोमा

सल्लिसल्ला देखि सिमकोट ५१ कि.मी. मध्ये १२ कि.मी. ठेक्का ब्यबस्थापनको प्रक्रियामा रहेको र अन्य खण्डमा ट्र्याक निर्माण कार्य सम्पन्न भएको छ । हिल्सा र टिंकरबाट करिब दुई घन्टामा गाडीमा ताक्लाकोट पुगिन्छ । ताक्लाकोटबाट करिब ३० किलोमिटर दूरीमा पुराङ सहर आउँछ । पुराङबाट सुदूरपश्चिम तिब्बतको सबैभन्दा ठूलो सहर यारी ३५४ किलोमिटर दूरीमा पर्छ । यस हिसाबले समेत यो सडक कर्णाली जिल्लाको पहुँच काठमाडौं र चीनसम्म हुने देखिन्छ ।

## ३) बार्षिक र हालसम्मको प्रगति

### क) कालिगण्डकी करिडोर

**कालिगण्डकी करिडोर (गैंडाकोट-राम्दी-मालढुङ्गा)**को कुल २४५ कि.मी. मध्ये २४४ कि.मी. ट्र्याक खुलेको, गैंडाकोट देखि राम्दी १३२ कि.मी. खण्ड सडक सुधार विकास कार्यक्रम बाट भइरहेको छ । राम्दी देखि मालढुङ्गा खण्डमा सडक चौडा गर्ने, स्तरोन्नति र कालोपत्रे गर्ने कार्य भईरहेको छ । २०६६/६७ मा शुरु भएको उक्त योजना २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल लागत २० अर्ब २२ करोड रहेकोमा हालसम्म ३ अर्ब ४९ करोड खर्च भएको र समष्टिगत भौतिक प्रगति १८ प्रतिशत रहेको छ।

आ.व. २०७६/७७ को तेश्रो चौमासिक र बार्षिक प्रगति

| | **चौमासिकको तुलनामा** | **वार्षिकको तुलनामा** |
|---|---|---|
| **भौतिक प्रगति, %** | १०० | **५१.८१** |
| **लक्ष्य** | ०.८ कि.मि. ट्र्याक, ५ कि.मि. ग्राभेल, २ वटा पुल | १० कि.मि. ग्राभेल, १ कि.मि. ट्र्याक निर्माण, २५ वटा पुल |
| **प्रगति** | ०.८ कि.मि. ट्र्याक, १५ कि.मि. ग्राभेल, १ वटा पुल | २७ कि.मि. ग्राभेल, ८ वटा पुल |
| **वित्तीय प्रगति, %** | १०० | **५१.६१** |
| **विनियोजित वजेट (हजार)** | १४२२९६ | ६३८१०० |
| **खर्च (हजार)** | १५१०९७ | ३२९८४६ |

**कालिगण्डकी करिडोर (बेनी-जोमसोम-कोरोला सडक)को** कुल १८६ किमि मध्ये सम्पूर्ण ट्र्याक. खुलेको, १०८ कि.मी. ग्राभेल भएको छ । बेनी जोमसोम सडक (७५ कि.मी.) खण्ड २ लेनको कालोपत्रे गर्ने कार्यको करिब ४५% कार्य सम्पन्न भएको छ । जोमसोम कोरला सडक खण्ड (१११ कि.मी.) २ लेनको ग्राभेल सडक निर्माण गर्ने कार्यको करिब ८०% कार्य सम्पन्न भएको छ ।२०७३/७४ मा शुरु भएको उक्त योजना २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल लागत ६ अर्ब ७८ करोड रहेकोमा हालसम्म ३ अर्ब ६० करोड खर्च भएको र समष्टिगत भौतिक प्रगति ५३ प्रतिशत रहेको छ।

| | **चौमासिकको तुलनामा** | **वार्षिकको तुलनामा** |
|---|---|---|
| **भौतिक प्रगति, %** | **५२** | **७७** |
| **लक्ष्य** | ४१ कि.मि. कालोपत्रे, ३० कि.मि. ग्राभेल, ४ वटा पुल | ५० कि.मि. कालोपत्रे, ११० कि.मि. ग्राभेल, ७ वटा पुल |
| **प्रगति** | ३० कि.मि. ग्राभेल, २ वटा पुल | ६० कि.मि. ग्राभेल, २ वटा पुल |
| **वित्तीय प्रगति, %** | **५२.५७** | **७७.६९** |
| **विनियोजित वजेट (हजारमा)** | ४२,१७,१३ | ९०,००,०० |
| **खर्च (हजारमा)** | २२,१७,१२ | ६९,९२,१२ |

## ख) <u>कोशी कोरिडोर</u>

रानी-विराटनगर-बसन्तपुर-संखुवासभा किमाथान्का(३८५ कि.मी.) मध्ये खाँदबारी देखि किमाथांका सडक खण्ड (१६२ कि.मी.) Double Lane मा निर्माण/स्तरोन्नति कार्य चालु रहेको छ ।२०६५/६६ मा शुरु भएको यो योजना २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल १६२ किमि मध्ये . .१४८ किमी. ट्र्याक खुलेको, बाँकी १४ कि.मी. को ट्र्याक खोल्ने कार्य नेपाली सेनाबाट सञ्चालन रहेको र ५० कि.मी. ग्राभेल भएको १० वटा पुलहरु मध्ये १ वटा पुल निर्माण कार्य सम्पन्न भएको र ९ वटा पुल निर्माण कार्य चालु रहेको छ। खाँदबारी देखि किमाथांका सडक खण्ड (१६२ कि.मी.) सडक स्तरोन्नति कार्यको लागि १६ अर्ब २० करोड लागत रहेकोमा हाल सम्म ३ अर्ब ०४ करोड खर्च भएको छ र समष्टिगत भौतिक प्रगति २१ प्रतिशत रहेको छ।

| | चौमासिकको तुलनामा | वार्षिक तुलनामा |
|---|---|---|
| भौतिक प्रगति, % | ६३ | ७१.१ |
| लक्ष्य | ४ कि.मि. सडक चौडा, ४ कि.मि. कालोपत्रे, २ वटा पुल | १४ कि.मि. सडक चौडा, १० कि.मि. कालोपत्रे, १० कि.मि. ग्राभल, ९ वटा पुल |
| प्रगति | ४ कि.मि. सडक चौडा, | १६ कि.मि. सडक चौडा, २.७ कि.मि. ग्राभेल |
| वित्तीय प्रगति, % | १०० | ७५.५९ |
| विनियोजित वजेट (हजार) | २९,६३,७२ | ८४,००,०० |
| खर्च (हजार) | ३०,३६,४४ | ६३,४९,६६ |

## ग ) कर्णाली करिडोर

नेपालगन्जको जमुनाह नाकालाई चीनको हुम्लाको हिल्सा सडक ६८२)कि.मी. मध्ये ( कालिकोटबाजुरा,,र हुम्ला जिल्लाको विभिन्न क्षेत्र समेट्दै खुलालु-लैफु-रमनाकोट-गोत्री-कुवाडी-श्रीनगर-सिमकोट हुदै हिल्सा २६९) कि.मी. सडक निर्माण कार्य चालु रहेको छ (।उक्त सडक खण्ड मध्ये ३९ कि.मी. ट्रयाक निर्माण गर्न बाँकी रहेको छ ।२०६९ मा शुरु भएको उक्त योजना ७०/ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ ८०/२०७९। कर्णाली करिडोरको खुलालु-लैफु-रमनाकोट-गोत्री-कुवाडी-श्रीनगर-सिमकोट हुदै हिल्सा (२६९ कि.मी.) सडक निर्माण कार्य मध्ये हाल सडक बिभाग अन्तर्गत चालु रहेको १४५ कि.मी. मध्ये १३० कि.मी. ट्रयाक खोलेको छ । उक्त सडक खण्डको निर्माण कार्यको लागत ४ अर्ब १० करोड रहेकोमा हालसम्म ९० करोड ६१ लाख खर्च भएको र समष्टिगत भौतिक प्रगति २२.५ प्रतिशत रहेको छ।

| | चौमासिकको तुलनामा | वार्षिकको तुलनामा |
|---|---|---|
| भौतिक प्रगति, % | ८.९३ | ३२.५३ |
| लक्ष्य | ५ कि.मि. ट्रयाक खोल्ने, | १५ कि.मि. ट्रयाक खोल्ने, |
| प्रगति | ३.५५ कि.मि. ट्रयाक खोल्ने, | ७ कि.मि. ट्रयाक खोल्ने |
| वित्तीय प्रगति, % | २४.६८ | ७४.८९ |
| विनियोजित वजेट (हजारमा) | १३२८०४ | ३००००० |
| खर्च (हजारमा) | ३२७७९ | २२४६७१ |

## ६.४ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक आयोजना

१) <u>पृष्ठभूमि</u>

देशका विभिन्न भौगोलिक तथा आर्थिक क्षेत्रहरुलाई एक अर्कासँग आबद्ध गरी देशको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा टेवा पुऱ्याउने सडक, पुल जस्ता पूर्वाधारको विकास र विस्तार गरी राष्ट्रिय राजमार्ग तथा सडक संजालको विकासमा जोड दिनु आजको प्रमुख आवश्यकता हो। राष्ट्रिय सडक संजालको सुदृढीकरणले मात्र नेपाल जस्तो विकास उन्मुख देशमा आर्थिक तथा सामाजिक क्रान्ति सम्भव हुने भएकाले देशलाई सम्बृद्ध बनाउनको निम्ति यातायात पूर्वाधारलाई सरकारद्वारा उच्च प्राथमिकता दिईएको छ।


नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२/०८/१७ को निर्णय अनुसार गल्छी त्रिशुली मैलुंग स्याफ्रुवेशी रसुवागढी सडक योजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्णय गरी कार्यान्वयन गरीने निर्णय भएको थियो। धादिंग, नुवाकोट र रसुवा जिल्ला भएर चीनको नाकासम्म पुग्ने यस सडकको कुल लम्बाई ८२ किलोमिटर छ। सो मध्ये आ.व. २०७६/७७ को अन्त्य सम्ममा २१ किलोमिटर कालोपत्रे र ८ किलोमिटर ग्रावेल स्तरमा सम्पन्न भईसकेको छ। नेपाल सरकारले यो सडकलाई देशको उत्तर र दक्षिण तर्फ रहेका प्रमुख ब्यापारिक नाकाहरुलाई जोड्ने र दुई छिमेकी चीन र भारतसँग व्यापार सम्बन्ध वृद्धि गर्ने लक्ष्य राखेर कार्यान्वयनमा जान विशेष प्राथमिकता दिईएको छ।

२) रेखांकन र नक्शा

NH 42 को रुपमा स्वीकृत ठोरी-भण्डारा-मलेखु-गल्छी-त्रिशुली-वेत्रावती-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढीको सडकको खण्डको रुपमा रहेको यस गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुवेशी-रसुवागढी सडक धादिङको



गल्छीबाट शुरु भई नुवाकोट सदरमुकाम विदुर तथा मैलुङ्ग-स्याफ्रुवेशी हुँदै मित्रराष्ट्र चीनको सीमा क्षेत्र रसुवागढीमा पुग्दछ ।




३) <u>कार्ययोजना विवरण</u>

पहिलो खण्डः

गल्छी-त्रिशुली-मैलुंग खण्डको ४६ किलोमिटर लम्बाईमा ठेक्का व्यवस्थापन भई सडक तथा पुलहरुको निर्माण कार्य भईरहेको छ। यस खण्डको ६०% निर्माण कार्य सम्पन्न भईसकेको छ।

दोश्रो खण्ड अन्तर्गतको मैलुंग-स्याफ्रुबेशीको कुल लम्बाई १९ किलोमिटर रहेकोमा नेपाली सेनाबाट ट्र्याक खोल्ने कार्य सम्पन्न भई सडक विभागलाई सो खण्ड हस्तान्तरण भईसकेको छ। सडक विभागबाट यसै आर्थिक वर्ष भित्र सो खण्डको ठेक्का व्यवस्थापनको सम्पूर्ण कार्य सम्पन्न गरी निर्माण कार्य समेत अघि बढाईसकेको छ।

तेस्रो खण्ड अन्तर्गतको स्याफ्रुबेशी-रसुवागढी सडक १६ किलोमिटर चीन सरकारको सहयोगमा निर्माण कार्य शुरु भईसकेको छ। सडक विभागबाट जग्गा अधिग्रहणको कार्य, बिद्युत, खानेपानी, घर टहरा स्थानान्तरण जस्ता काम भईरहेको छ।

<u>आयोजनाको फाईदा (अपेक्षित उपलब्धि)</u>

यो सडकले उत्तरमा रसुवागढी देखि दक्षिणमा ठोरी सम्मको पहुँचलाई सहज बनाउदैं उक्त मार्गमा पर्ने तराई मधेश, पहाडी तथा हिमाली जिल्लाहरुको आर्थिक, सामाजिक, साँस्कृतिक,पर्यटकीय तथा शैक्षिक

विकासमा टेवा पुर्याउदै राष्ट्रिय एकता कायम गर्न मद्दत गर्दछ। यो सडक निर्माण तथा संचालनको अवधिभर रोजगारीको अवसर सृजना भइ गरीबी निवारणमा टेवा पुग्नेछ। नुवाकोट र रसुवा जिल्लाका करिब ३ लाख २० हजार जनसंख्या प्रत्यक्ष रुपमा लाभान्वित हुने छन्। उक्त क्षेत्रमा यातायातको पहुँचबाट आर्थिक तथा शैक्षिक विकास भइ सामाजिक चेतना अभिवृद्धि भई लैङ्गिक समानता तथा समावेशीकरणमा टेवा पुग्नेछ। यातायातको पहुँचबाट कृषि तथा उद्योग क्षेत्रको सहज विकास हुने हुँदा आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुग्नेछ र नयाँ लगानीका क्षेत्रहरुको पहिचान हुने हुँदा वैदेशिक लगानी प्रवर्द्धनमा समेत टेवा पुग्नेछ। यो सडकले पर्यटकीय क्षेत्रको विकासमा मद्धत पुग्ने तथा अन्य पूर्वाधार विकास कार्यमा समेत वृद्धि हुने अपेक्षा गरीएको छ।

४) <u>हालसम्मको प्रगति</u>

गल्छी देखि रसुवागढी सम्मको कुल लम्बाई ८२ किलोमिटर मध्ये गल्छी-त्रिशुली-मैलुंग-स्याफ्रुबेशी खण्डको ६५ किलोमिटर सडक दुई प्याकेजमा नेपाल सरकारको श्रोतबाट निर्माण भईरहेको छ । यस खण्डको अनुमानित लागत ९.५ अर्व रहेको छ। स्याफ्रुबेशी- रसुवागढी १६ किलोमिटर सडक खण्ड चीन सरकारको सहयोगमा स्तरोन्नति कार्य शुरु भएको छ। कुल ८२ किलोमिटर सडककै मुआब्जा वितरण, बिद्युत पोल स्थानान्तरण तथा खानेपानीको संरचनाहरु स्थानान्तरण गर्दा लाग्ने लागत भने नेपाल सरकारको तर्फबाट भईरहेको छ । यस सडकको सम्पूर्ण खण्डमा जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गर्नको लागि अनुमानित बजेट रु. ६ अर्व आवश्यक पर्ने अनुमान गरीएको छ ।

नेपाल सरकारबाट निर्माण हुने ६५ कि. मी. सडकलाई पहिलो ४६ कि. मी. (गल्छी-मैलुङ्ग खण्ड) र बाँकी १९ कि. मी. (मैलुङ्ग-स्याफ्रुवेशी खण्ड) गरी दुई प्याकेजमा निर्माण कार्य गरीएकोमा पहिलो प्याकेजतर्फ हालसम्म २१ कि. मी. कालोपत्रे सम्पन्न भएको छ भने थप ८ कि. मी. ग्राभेलस्तर तथा बाँकी सडक खण्डको ट्र्याक चौडा, टेवा पर्खाल तथा नाली र कल्भर्ट निर्माणको कार्य हुँदै गरेको अवस्था रहेको छ भने दोस्रो प्याकेजको निर्माण शुरु हुन लागेको अवस्था रहेको छ । साथै चीन सरकारबाट निर्माण हुने अन्तिम १६ कि. मी. (स्याफ्रुवेशी-रसुवागढी खण्ड) सडकको निर्माणको लागि सम्बन्धित् पक्ष साईटमा परिचालन भैसकेको स्थिति रहेको छ ।


# ७) मुख्य-मुख्य योजनाहरुको विवरण

## ७.१ मदन भण्डारी राजमार्ग आयोजना

### १) पृष्ठभूमि

नेपाल जस्तो भूपरिवेष्ठित एवं विविधतायुक्त भूगोल भएको मुलुकको सर्वाङ्गीण विकासको सम्भावना सडक पुर्बाधारको विकासमा रहेको हुँदा यो क्षेत्रलाई सुदृढीकरण गर्दै अगाडी बढ्नु आजको आवश्यकता भएको छ। राष्ट्रिय राजमार्ग तथा सडक यातायात संजालको विकास गरी सडक प्रयोगकर्ताहरुलाई सरल, सजिलो र सुलभ यातायात सेवा उपलब्ध हुन सडक र पुल जस्ता भौतिक संरचनाहरुको विकास तथा विस्तार गर्न अपरिहार्य छ। राष्ट्रिय सडक संजालले नेपाल जस्तो विकास उन्मुख देशको आर्थिक, सामाजिक र प्रसाशनिक क्षेत्रमा देशको सर्वाङ्गीण विकासमा योगदान दिदै, सरकारले अघि सारेको "सम्बृद्ध नेपाल, सुखी नेपाली" को मूल नारालाई साकार पार्न सडक यातायातको ठूलो महत्व छ।

जटिल भूगोल र छरिएर रहेका वस्तीहरुलाई एकीकृत विकासको माध्यमबाट यातायात सेवा उपलब्ध गराउने उद्धेश्यले नेपाल सरकार मन्त्रिपरिषदको २०७५/०२/०६ को निर्णय अनुसार मदन भण्डारी राजमार्ग आयोजनालाई आ.व. २०७६/७७ देखि कार्यन्वयनमा ल्याएको छ। पूर्वमा झापाको बाहुनडाँगी देखि सुदूरपश्चिममा डडेल्धुराको रुपाल सम्म जोड्ने यस राजमार्गको अनुमानित लम्बाई १२५० किलोमिटर छ र यो राजमार्गको रेखांकन चुरे क्षेत्रलाई आधार मानेर गरीएको छ। महेन्द्र राजमार्गको समान्तर र उत्तर तर्फ पूर्व-पश्चिम भएर जाने यो राजमार्गलाई बाह्रै महिना प्रयोग गर्न सकिने गरी रेखांकन गरीने छ।




क) <u>उद्देश्य</u>

मदन भण्डारी राजमार्ग आयोजनाको मूल उद्देश्य चुरे क्षेत्र (भित्री मधेश)मा बसोबास गर्ने बहुसंख्यक जनतालाई सहज यातायात सुबिधा प्रदान गरी जनताको जीवनस्तरमा सकारात्मक प्रभाव पर्न हो। चुरेको वन क्षेत्र र आसपास रहेका भूमिहरु कृषि, पशुपालन, उद्योग तथा बस्ती विकासको लागि अत्यन्तै उपयुक्त मानिन्छन्। महेन्द्र राजमार्ग र मध्यपहाडी राजमार्गको बीचबाट जाने अन्य उत्तर-दक्षिण राजमार्गहरुसंग पनि जोडिने हुँदा यस राजमार्गले हिमाल, पहाड र तराईलाई राष्ट्रिय यातायातको संजालमा जोड्ने काम गर्ने यो राजमार्गलाई नेपाल सरकारले उच्च प्राथमिकतामा राखेको छ ।

२) **स्वीकृत रेखांकन**

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६/०२/०६ को निर्णयानुसार मदन भण्डारी राजमार्गको रेखांकन"बाहुनडाँगी–शान्तिनगर–धरान–चतरा–गाईघाट–कटारी–सिन्धुलीमाडी–हेटौडा–गैंडाकोट–रामपुर–राम्दी–रिडि–बलकोट–सन्धिखर्क–बिजुवार–सितलपाटी–सुर्खेत–बड्डीचौर–बुडर–जोगबुढा–रुपाल"रहेको छ।

३) **कार्यालयगत कार्यक्षेत्र**




हाल मदन भण्डारी राजमार्ग अन्तर्गत चार वटा योजना कार्यालयहरु झापा जिल्लाको दमक, उदयपुर जिल्लाको गाईघाट, मकवानपुरको हेटौडा र गुल्मीको तम्घासमा स्थापना भइ कार्यान्वयनमा ल्याईएको छ। यो राजमार्ग अन्तर्गत धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा २४९ कि.मी. सडक खण्डको स्तरोन्नति तथा उक्त खण्डमा आवश्यक पुलहरूको निर्माण कार्य भैरहेको छ। त्यस्तै पश्चिममा तम्घास सिमलटारी प्युठान ४५ कि.मी. सडक खण्डको समेत निर्माण तथा स्तरोन्नतिको कार्य भैरहेको छ। अनुमानित १२५० कि.मी. मध्ये लगभग ४२० कि.मी. अन्य योजना कार्यालय तथा सडक डिभिजनहरुले स्तरोन्नति तथा निर्माणको कार्य गरीरहेका छन् भने लगभग ८३० कि.मी. सडक स्तरोन्नति तथा सो खण्डको पुलहरू निर्माण मदन भण्डारी राजमार्ग आयोजनाबाट कार्यन्वयन हुन लागेको छ। पूर्वमा धरान देखि झापाको बाहुनडाँगीसम्म ९५ कि.मी. सडकको DPR तयार भैसकेको छ भने सो खण्ड भित्र पर्ने विभिन्न २६ वटा पुलहरुको ठेक्का पट्टा व्यवस्थापन भैसकेको छ। त्यस्तै पश्चिममा सुर्खेतको बड्डीचौर देखि कर्णाली नदी सम्म ९४ कि.मी. DPR तयार हुने क्रममा रहेको छ भने डोटीको जोगबुढा देखि डडेल्धुराको

रुपाल सम्म १५ कि.मी. सडक खण्डको DPR तयार भैसकेको छ। यस आयोजनाको सम्पूर्ण सडक खण्डको DPR तयार भैसकेपछि आयोजनाको वास्तविक कुल लम्बाई र लागत स्पष्ट हुनेछ। साथै यस आयोजनालाई आ.व. ०८१/८२ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

४) <u>हालसम्मको समष्टिगत प्रगति</u>

यस आयोजनाको सम्पूर्ण सडक खण्डको DPR तयार भैसकेपछि आयोजनाको वास्तविक कुल लम्बाई र लागत स्पस्ट हुनेछ ।हाल निर्माणाधीन सडकको लागतको आधारमा यस आयोजना निर्देशनालय मातहतको ८३० कि.मी. सडकमा पुल निर्माण सहित सडक स्तरोन्नति कार्य गर्न करिब रु. ८५ अर्ब रकम लाग्ने अनुमान छ। चालु आ.व. मा उक्त राजमार्ग कार्यन्वयन गर्न नेपाल सरकारबाट रु. ३ अर्ब ७ करोड ७० लाख बजेट विनियोजन भएको छ।

## ७.२ नागढुंगा नौबिसे सुरुङ्ग मार्ग आयोजना

**आयोजनाको बिवरण**

देशका प्रमूख शहरहरुसंग सम्पर्क गर्दै काठमाडौं उपत्यका प्रबेश गर्ने प्रमुख सडक नारायणघाट - मुग्लिङ्ग - नौबिसे - काठमाडौं खण्डमा पर्ने नागढुंगा भञ्ज्याङ क्षेत्रमा सुरुङ मार्गको निर्माण गरी सडक सुधार गर्ने उद्देश्यले नेपाल सरकारबाट जापान सरकारलाई अनुरोध भए बमोजिम जापान अन्तराष्ट्रिय सहयोग नियोग (JICA) बाट अनुदान सहायता अन्तर्गत मिति सन् २०१४ को जून देखि शुरु गरी मार्च २०१५ मा Preparatory Survey for Nagdhunga Tunnel Construction in Nepal सम्बन्धी अन्तिम अध्ययन प्रतिवेदन श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक बिभागको तत्कालिन बैदेशिक समन्वय महाशाखामा पेश गरेको थियो । उल्लिखित प्रतिवेदनमा नागढुंगा क्षेत्रमा सुरुंगमार्ग निर्माण कार्यको सम्भाव्यता र उपयुक्तताको लेखाजोखा गरी काठमाडौं जिल्ला पट्टी त्रिभुवन राजपथको बलम्बु देखि सडक निर्माण शुरुगारी चन्द्रागिरी नगरपालिकाको दहचोक स्थित टुटीपाखा भन्ने स्थानबाट सुरुंगमार्ग निर्माण गरी धादिंग जिल्लाको धुनीवेसी नगरपालिका स्थित सिस्नेखोला नजिकैको स्थानमा निस्किने गरी प्रस्ताव गरेको थियो । सोही प्रतिवेदनलाई आधार मानी नेपाल सरकार र जापान सरकारबीच मिति २२ डिसेम्बर २०१६ मा जापान सरकारबाट जापानीज येन १६,६३६ मिलियन ऋण उपलब्ध गराउने गरी ऋण सहयोग सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो । उक्त सम्झौतामा आधारित रहेर मिति १७ मार्च २०१७ मा बिस्तृत सर्वेक्षणको लागि परामर्शदाता नियुक्ति गरी कार्य शुरु भएको थियो ।

यसरी प्रस्ताबित सुरुङमार्ग निर्माण कार्य पश्चात तपसिल बमोजिमका लक्ष्यहरु हासिल हुनेछनः

१) हालको सडकको रेखांकनमा सुधार हुने;

२) यातायात संचालनको समय ( Travel Time) मा कमि आउने;

३) सडक यातायातलाई सुरक्षित र भरपर्दो बनाई काठमाडौं संगको अन्य शहरहरुको सुधार सहितको यातायात संजाल मार्फत देशको आर्थिक बिकासमा मद्दत पुग्ने ।

परामर्शदातासंगको सम्झौता बमोजिम मिति अप्रिल २०१८ मा तयार भएको प्रस्ताबित सुरुङ मार्ग निर्माण अन्तर्गत प्रमुख रुपमा निम्न बमोजिमका Components हुने गरी डिजाइन तयार गरीएको छः

१. सुरुङ मार्ग (लम्बाई २.६८८ कि.मी.)
२. पहुँच मार्ग (पूर्वी खण्ड र पश्चिम खण्ड गरी २.८७२ कि.मी.)
३. पुल संरचना (७ वटा), बक्स कल्भर्ट - ११ वटा
४. दुवै तर्फ सडक दस्तुर संकलनका लागि (Toll) संरचना
५. सुरुंगमार्गको सम्पूर्ण अवस्थाको अनुगमनका लागि नियन्त्रण कक्ष (Control Office)
६. सुरुङ खन्दा निस्केको माटोको ब्यवस्थापन (Construction of Service Station)
७. सुरुंगमार्गको लागि छुटै बिद्युत लाइन बिस्तार
८. फ्लाईओभर ब्रिज (२ वटा)
९. सम्भावित खानेपानीका श्रोतमा हुने क्षतिको व्यवस्थापन आदि ।

**आयोजनाको लागि आवश्यक जग्गा अधिग्रहण सम्बन्धी लक्ष्य तथा प्रगति बिवरणः**

जग्गा अधिग्रहण कार्य अन्तर्गत पूर्वी खण्डको (काठमाडौं जिल्ला) अधिग्रहण कार्य कार्यका लागि मिति २०७५/३/२६ मा मुआब्जा निर्धारण समितिबाट निर्णय भए अनुसार मुआब्जा वितरण कार्य शुरु भएको र हालसम्म करिब ९०% प्रगति हासिल भएको छ भने पश्चिम खण्डको (धादिंग जिल्ला) मुआब्जा निर्धारण कार्य अन्तर्गत भर्खरै मुआब्जा निर्धारण समितिबाट निर्णय भएको, सम्बन्धित जग्गाधनीहरुको प्राप्त निवेदन अनुसारका आवश्यक कागजात सहित लगतकट्टाका लागि मालपोत कार्यालयमा पेश गरीएको छ । बाँकी लालपुर्जा नभएका, गुठी लगायतका जग्गाहरुको अधिग्रहण सम्बन्धमा निर्णयहुने प्रक्रियामा रहेको र सो निर्णय अनुसार अगाडि बढ्ने लक्ष्य आयोजनाको रहेको छ ।

**हालसम्मको समष्टिगत प्रगति**

मिति २३ सेप्टेम्बर २०१९ मा नि.व्य. HAZAMA ANDO CORPORATION, JAPAN को स्वीकृत गरी खरिद सम्झौता भएको र सुरुंगको पहुँच सडक निर्माण कार्य शुरु भएको, साइट क्याम्प निर्माण, साइट Clearance, सिस्ने खोलामा Cross Drain निर्माण लगायतका कार्यहरु सम्पादन भएका, कुल ठेक्काको ४% प्रगति हासिल भएको छ ।

## ७.३ पुल निर्माण :

सडक विभागले रणनैतिक सडक सञ्जाल र स्थानीय सडकहरुमा पर्ने पुलहरुको पुर्व, सम्भाव्यता, सम्भाव्यता, विस्तृत सर्भे डिजाइन तथा निर्माणको कार्य गर्ने गरेको छ । सडक विभाग अन्तर्गतको पुल महाशाखाले स्वीकृत कार्यक्रम अनुसार पुलहरुको अध्ययन तथा डिजाइनको कार्य र समग्रमा सडक विभाग अन्तर्गतका सडक डिभिजन कार्यालय र योजना कार्यालयबाट कार्यान्वयन हुने पुलहरुको लागि आवश्यक बजेट व्यवस्थापन र समन्वयनको कार्य गर्दछ । त्यस्तै पुल निर्माण व्यवस्थापनको कार्य सडक डिभिजन कार्यालयहरु र योजना कार्यालयबाट हुने गरेको छ ।

विगतमा सडक विभागबाट परम्परागत रुपमा अधिकतम २५ मी. स्पान भएका RCC पुलहरु निर्माण भईरहेकोमा, आधुनिक तथा नयाँ प्रविधिका Long Span पुलहरुको निर्माण शुरु गर्न आ.व. ०६५/६६ देखि सार्वजनिक खरीद ऐन तथा नियमावलीमा व्यवस्था भए अनुरुप डिजाइन एण्ड विल्ड ठेक्का प्रक्रियाबाट कार्य शुरु गरीएको हो । डिजाइन एण्ड विल्ड ठेक्का प्रक्रियाबाट हाल देशभरी Prestressed Concrete Bridge , Suspension Motorable Bridge, Arch Bridge जस्ता आधुनिक र उदाहरणीय पुलहरु निर्माण सम्पन्न भएको छ ।

| विवरण | स्थानीय सडक पुल (३३७०११२२) | रणनैतिक सडक पुल (३३७०११३२) | जम्मा |
|---|---|---|---|
| जम्मा कार्यक्रम संख्या | ११३७ | ३२५ | १४६२ |
| D&B ठेक्का लागेको | २७ | २२ | ४९ |
| डिभिजन बाट ठेक्का लागेको | ४४ | ११ | ५५ |
| डिजाइन सम्पन्न ठेक्का लगाउनु पर्ने | १०६ | २१ | १२७ |
| डिजाइनको क्रममा | १९५ | २३ | २१८ |
| निर्माण सम्पन्न भएको | ११२ | ४७ | १५९ |
| निर्माणाधीन | ६५३ | २०१ | ८५४ |

कुल ३०० वटा पुल निर्माण गर्ने लक्ष्य रहेकोमा स्थानीय सडक पुल अन्तर्गत ११२ वटा र रणनैतिक महत्वका सडकहरु अन्तर्गत ९८ पुलहरु  गरी जम्मा २१० वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ।

## ७.४ व्यापारिक मार्ग बिस्तार आयोजना

### पृष्ठभूमि

नेपालमा परिवहनको प्रमुख माध्यमको रुपमा सडक रहेको छ। आर्थिक सामाजिक गतिशीलताका लागि सडक यातायातले महत्वपूर्ण सहयोग पुर्याउँछ। त्यसैले विकासमा यातायात पूर्वाधार देशको मेरुदण्ड हो। नेपाल जस्तो भूपरिवेष्ठित एवं विविधतायुक्त भूगोल भएको मुलुकको सर्वाङ्गीण विकासको सम्भावना यसैमा रहेको हुँदा यो क्षेत्रलाई सुदृढीकरण गर्दै अगाडी बढ्नु आजको आवश्यकता भएको छ। अन्तरदेशीय नाका र यातायात संजाल जोडने सडकहरुको बिकास ,बिस्तार र सुदुढ़ीकरण गर्न तथा कृषि, उद्योग ,व्यापार, जलबिद्युत, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी यातायात बिस्तार गर्न कार्यमा सहयोग गर्छ ।साथै आर्थिक बृद्धीलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुबिधा विस्तारमा टेवा पुर्याउँछ। राष्ट्रिय राजमार्ग तथा सडक यातायात संजालको विकास गरी सडक प्रयोगकर्ताहरुलाई सरल, सजिलो र सुलभ यातायात सेवा उपलब्ध हुन सडक र पुल जस्ता भौतिक संरचनाहरुको विकास तथा विस्तार गर्न अपरिहार्य छ। राष्ट्रिय सडक संजालले नेपाल जस्तो विकासोन्मुख देशको आर्थिक, सामाजिक र प्रशासनिक क्षेत्रमा देशको सर्वाङ्गीण विकासमा योगदान दिदै, सरकारले अघि सारेको **"सम्बृद्ध नेपाल, सुखी नेपाली"** को मूल नारालाई साकार पार्न सडक यातायातको ठूलो महत्व छ।

## क ) रानी बिराटनगर ईटहरी आयोजना

### योजनाको विवरण

व्यापारिक मार्ग विस्तार आयोजना अन्तर्गत नेपाल भारत सिमाना बाट पुर्व-पश्चिम लोकमार्ग जोड्ने सडकलाई ६ लेनमा स्तरोन्नती तथा विस्तार गर्ने उदेश्य राखी आ.व. ०६९/७० देखि रानी-विराटनगर-इटहरी-धरान सडक योजना कार्यालयको स्थापना भएको हो । योजनाको कुल लम्बाई ४९ कि.मी. मध्ये हाल सम्म ३४ कि.मी. मा मात्र सडकको विस्तार कार्यको ठेक्कापट्टा भएको छ र १०.५ कि.मी. सडकको र १ वटा पुलको ठेक्का व्यवस्थापन गर्ने कार्य बाँकी रहेको छ ।

### सडक रेखांकन

**रानी बिराटनगर इटहरी धरान सडक योजनाको कार्यक्षेत्र विराटनगरको रानी भन्सार देखी इटहरी हुँदै धरानको जिरो कि.मी. सम्म रहेको छ ।**

### हालसम्मको समष्टिगत प्रगति

कुल ४९ कि.मी. सडक मध्ये हाल सम्म ३४ कि.मी. मा मात्र सडकको विस्तार कार्यको ठेक्कापट्टा भएको छ । कुल सडक मध्ये हाल सम्म २२ कि.मी. कालोपत्रे भैसकेको छ । विभिन्न सेक्टर गरी १६ वटा सडक निर्माण कार्यको, १ वटा पुलको, २ वटा विद्युतीय संरचना स्थानान्तरण गर्ने ठेक्का संचालनमा रहेका छन ।

## ख) जटही जनकपुर आयोजना

### योजनाको विवरण

व्यापारिक मार्ग बिस्तार आयोजना अन्तर्गत जटही जनकपुर ढल्केबर सडक योजनाद्वारा निर्माणाधिन जटही जनकपुर ढल्केबर सडक नेपाल भारत को सीमानाका जटही देखि पूर्व पश्चिम राजमार्गको ढल्केवरसम्म कुल ४० कि.मी. लम्बाइ रहेको यस सडकलाई प्राबिधिक रुपमा ६ लेन भनी सम्बोधन र नामाकरण गरीएको छ। प्रदेश २ को अस्थायी राजधानी जनकपुरलाई भारतको जटही सीमानाका र पूर्व पश्चिम राजमार्गको ढल्केवरसंग जोड्ने हुँदा यो सडकले औद्योगिक तथा व्यापारिक क्षेत्रको विकासमा टेवा पुर्याउने छ। हिन्दू धर्मावलम्वीको धार्मिक केन्द्र जानकी मन्दिर यसै सडकको सेरोफेरो मा रहेको हुदा यस सडकले पर्यटन विकासमा समेत योगदान पुर्याएको छ। भविष्यमा नेपाल भारत को आयात-निर्यातका लागि महत्वपुर्ण नाका हुने जटही नाकाबाट भित्रिने माल बाहक सवारी साधनको आवत-जावत यस सडकको निर्माण पश्चात सहज हुनेछ। यो सडकको निर्माण पश्चात धनुषा र महोत्तरी जिल्ला जिल्लाको आर्थिक, पर्यटकीय लगायत समग्र विकासमा ठुलो योगदान पुर्याई प्रयाप्त सम्भावनाका द्वारहरु खुल्ने छन।

आ. व. २०७१-७२ देखि क्रमगत रुपमा ठेक्का व्यवस्थापन हुदै आएको यस आयोजनाको सडक तर्फको कुल लागत अनुमान ६ अर्ब ९१ करोड रहेको छ। उक्त सडकको हालसम्मको भौतिक प्रगति ७८% निर्माण कार्य सम्पन्न भइ सकेको छ। साथै यस सडकमा पर्ने बसाई खोला, औरही (महेन्द्रनगर) खोला, सपहि खोला, दुधमती खोला, जल्लाद खोला र जमुनी खोलामा रहेका Single Lane का पुलहरुलाई पनि ६ लेनका पुलहरुमा स्तरोन्नति गर्नको लागि कुल १ अर्व ६४ करोडको लागतमा ठेक्का व्यवस्थापन भई निर्माण कार्य सञ्चालनमा रहेको छ। यस सडकको स्तरोन्नतिको क्रममा सडक सीमा भित्र रहको स्थानीय उपभोक्ता समिति र सिचाई डिभिजन कार्यालयबाट संयुक्त रुपमा सञ्चालनमा रहेको कच्ची सिंचाई नहर क्षति भएको हुँदा उक्त नहरलाई पनि कुल ७० करोड ७५ लाखको लागतमा पक्की नहरमा स्तरोन्नति गर्न ठेक्का व्यवस्थापन भई निर्माण कार्य संचालनमा रहेको छ।

### सडकको रेखांकन

जटही जनकपुर ढल्केबर सडक योजनाको कार्यक्षेत्र जटही (नेपाल भारत सिमाना) देखि ढल्केबर (महेन्द्र राजमार्ग) सम्म रहेको छ ।

### हालसम्मको समष्टिगत प्रगति

कुल ३९.९ कि.मी. सडक मध्ये हाल सम्म सम्पूर्ण सडक खण्डमा विस्तार कार्यको ठेक्कापट्टा भएको छ । कुल सडक मध्ये हाल सम्म ३५.५ कि.मी. कालो पत्रे भैसकेको छ । विभिन्न सेक्टर गरी ३ वटा सडक निर्माण कार्यको, १ वटा नहर निर्माणको, ७ वटा पुलको र २ वटा विद्युतीय संरचना स्थानान्तरण गर्ने ठेक्का संचालनमा रहेका छन ।

## ग) बिरगंज पथलैया आयोजना

नेपाल सरकारको निर्णय अनुसार बिरगंज पथलैया सडक व्यापारिक मार्ग आ.व. २०७२/७३ देखि राष्ट्रिय प्राथमिकता (P1) योजनाको रुपमा कार्यन्वयनमा ल्याएको छ। बारा र पर्सा जिल्ला हुँदै भारतको नाका रक्सौल तथा बिरगंजको सुख्खा बन्दरगाह (Dry Port) हुदै एकीकृत जाँचचौकी (Integrated Check Post) सम्म पुग्ने यस सडकको कुल लम्बाई ३९.२८ कि.मी. रहेको छ। दोश्रो चरणमा गण्डक चोक-घन्टाघर-मितेरी पुल रक्सौल सम्म ८ कि.मी. सडक बिस्तार गर्न बाँकी रहेको छ ।

### सडक रेखांकन

बिरगंज पथलैया सडक योजनाको कार्यक्षेत्र भारतको नाका रक्सौल देखि बिरगंजको सुख्खा बन्दरगाह हुँदै पथलैया (महेन्द्र राजमार्ग) सम्म रहेको छ ।

### हालसम्मको समष्टिगत प्रगति

कुल ३९.२८ कि.मी. सडक मध्ये हाल सम्म ३१.२८ कि.मि सडक खण्डमा विस्तार कार्यको ठेक्कापट्टा भएको छ । कुल सडक मध्ये हाल सम्म १६ कि.मी. कालोपत्रे भैसकेको छ भने २ वटा पुल सम्पन्न भएका छन् । विभिन्न सेक्टर गरी ९ वटा सडक निर्माण कार्यको र ४ वटा पुलको निर्माण गर्ने ठेक्का संचालनमा रहेका छन ।

## घ) बेलहिया बुटवल आयोजना

### योजनाको विवरण

व्यापारिक मार्ग बिस्तार आयोजना बेलहिया बुटवलद्वारा निर्माणाधिन बेलहिया बुटवल सडक नेपाल भारत को सीमानाका बेलहिया देखि बुटवल गोलपार्क सम्म जम्मा २७.५ कि.मी. लम्बाइ रहेको यस सडकको सडक सीमा ( Right Of Way) ५० मी. रहेको छ। प्राबिधिक रुपमा यस सडकले ६ लेन भनी सम्बोधन र नामाकरण गरीएको छ। यो सडकमा दुइ वटा मुख्य सडक (Main Carriage Way) प्रत्येकको चौडाइ १०.४० कि.मी चौडाइ, बीच भागमा ३ मिटर चौडाइको डिभाइडर, दुवै तर्फ ४-४ मिटरको रुख विरुवा रोप्नलाई हरियाली क्षेत्र (Green Belt), दुवै तर्फ ६ मिटर चौडाइको सहायक सडक (Service Road) तथा सडकको दुवै तर्फ ३.५ मिटर चौडाइको पैदल यात्री का लागि फुटपाथको व्यवस्था समेत गरीएको छ। यस सडकमा २ वटा गाडी हिड्ने पुल एवं ९ वटा पैदल यात्री का निम्ति अपाङ्गमैत्री आकाशे पुल समेत निर्माण गरीएको छ। रात्री समयमा सुरक्षा एवं सहजता का निम्ति Main Carriage Way र Service Lane दुवैमा विजुलीबाट बल्ने सडक बत्ति समेत जडान को क्रममा रहेको छ ।

आ. व. २०६८-६९ देखि क्रमगत रुपमा ठेक्का व्यवस्थापन हुदै आएको यस आयोजनाको कुल लागत अनुमान ५ अर्ब ९२ करोड रहेको छ। २०६९ असार देखि निर्माण कार्य सुरु भइ हाल ८०% निर्माण कार्य सम्पन्न भैसकेको छ। प्रदेश ५ को अस्थायी राजधानी बुटवल व्यापारिक केन्द्र र नेपाल सरकारद्वारा औद्योगिक क्षेत्रको विकासमा पनि प्राथमिकता मा रहेको हुदा यस सडकले यस क्षेत्रकै औद्योगिक विकासमा महत्वपुर्ण भुमिका खेलेको छ। बौद्ध धर्मावली को धार्मिक केन्द्र लुम्बिनी यसै सडकको सेरोफेरो मा रहेको हुदा यस सडकले पर्यटन विकासमा समेत योगदान पुर्याएको छ। नेपाल भारत को आयात-निर्यातका लागि महत्वपुर्ण नाकामा पर्ने बेलहिया नाका बाट भित्रिने र बाहिरिने मालबाहक सवारी साधनको आवत-जावत यस सडकको निर्माण पश्चात सहज भएको छ। यो सडकको निर्माण पश्चात रुपन्देहि जिल्लाको आर्थिक, पर्यटकीय र अन्य पूर्वाधारको विकासमा ठुलो योगदान दिई यो क्षेत्रलाई नयाँ गति प्रदान गरेको छ ।

**सडक रेखांकन**

बेलहिया बुटवल सडक योजनाको कार्यक्षेत्र भारतको नाका बेलहिया देखि भैरहवा हुँदै बुटवल सम्म रहेको छ ।

**हालसम्मको समष्टिगत प्रगति**

कुल २७.५ कि.मी. सडक मध्ये हाल सम्म सम्पूर्ण सडक खण्डमा विस्तार कार्यको ठेक्कापट्टा भएको छ । कुल सडक मध्ये हाल सम्म २३.२५ कि.मी. कालोपत्रे भैसकेको छ भने १ वटा पुल र ९ वटा आकाशे पुलहरु सम्पन्न भएका छन् । विभिन्न सेक्टर गरी ६ वटा सडक निर्माण कार्यको र १ वटा Street Light निर्माण गर्ने ठेक्का संचालनमा रहेका छन ।

## ङ) मोहना अत्तरिया सडक आयोजना

## योजनाको बिबरण

नेपाल भारत सिमाना (नेपालको धनगढी उपमहानगरपालिका र भारतको उत्तर प्रदेशमा पर्ने गौरिफण्टा नाका) देखि उत्तर तर्फ अवस्थित सुदूरपश्चिम प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरु डोटी, डडेल्धुरा, अछाम, बाजुरा, बझाङ्ग, बैतडी र दार्चुला सम्म पुग्ने महाकाली राजमार्गको शुरु स्थान धनगढीको मोहनापुल देखि अत्तरिया (पूर्व पश्चिम राजमार्ग र महाकाली राजमार्गको संगम स्थल) सम्मको १४.२ कि.मी. सडक निर्माण विस्तार कार्यको लागि मिति २०७३।०८।२२ गते यस योजना कार्यालयको धनगढीमा स्थापना गरीएको हो । यस योजनाको कार्यक्षेत्रभित्र धनगढी उपमहानगरपालिका र गोदावरी नगरपालिका पर्दछन् । यस सडक खण्डको निर्माण विस्तारको लागि २०७४ जेठ महिनामा २४ महिना (२०७४ जेठ) भित्र सम्पन्न गर्ने गरी ३ वटा प्याकेजमा ठेक्का संझौता भएको थियो ।

सडक रेखांकन

मोहनापुल अत्तरिया सडक योजनाको कार्यक्षेत्र भारतको नाका मोहनापुल देखि अत्तरिया (महेन्द्र राजमार्ग) सम्म रहेको छ ।

हालसम्मको समष्टिगत प्रगती

कुल १४.२ कि.मी. सडक मध्ये हाल सम्म सम्पूर्ण सडक खण्डमा विस्तार कार्यको ठेक्कापट्टा भएको छ । कुल सडक मध्ये हाल सम्म ६ कि.मी. कालोपत्रे भैसकेको छ भने २ वटा पुल निर्माणको लागि ठेक्कापट्टाको प्रक्रियामा गएको छ । उक्त योजनामा कुल ३ वटा सडक निर्माणका ठेक्काहरू संचालनमा रहेका छन ।

## ७.५ वैदेशिक सहयोगमा संचालित मुख्य मुख्य आयोजनाहरु

### ७.५ (क) एशियाली विकास बैंकको ऋण सहयोगमा सन्चालित सडक योजनाहरू

१) पृष्टभूमि

नेपाल सरकार र एशियाली विकास बैंकबीच ऋण/ अनुदान सम्झौता भइ सडक विभाग मार्फत सन्चालन हुने सडक निर्माण/स्तरोन्नतिका योजनाहरूको सडक विभाग आयोजना निर्देशनालय (ए.डी.बी.) र यस अन्तर्गत रहेका योजना कार्यालय मार्फत कार्यान्वयन भइरहेको छ । दक्षिण एशियाको उपक्षेत्रीय तहमा आर्थिक गतिविधिहरू अभिवृद्धि गर्ने उद्देश्यले एशियाली विकास बैंकको ऋण सहयोगमा संचालन भइरहेको South Asia Subregional Economic Cooperation (SASEC) आयोजनाबाट सडक विभाग अन्तर्गत विभिन्न सामरिक महत्वका सडकखण्ड हरू हाल निर्माण/स्तरोन्नति भइरहेका छन् भने २०७२ सालको भुकम्प तथा त्यसबाट उत्पन्न भएका पराकम्पनहरूबाट क्षति पुग्न गएका जिल्लाहरूमा श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट बजेट व्यवस्थापन भइ संचालन गरीएको आकस्मिक भुकम्पीय सहायता परियोजना Earthquake Emergency Assistance Project (EEAP) समेत यसै आयोजना निर्देशनालय मार्फत भइरहेको छ ।

## २) सन्चालनमा रहेका सडक योजनाहरू

| सि.नं. | सडक आयोजनाको नाम | संचालित सडक योजनाहरू | लम्बाइ (कि.मी.) |
|---|---|---|---|
| | | क. रूपनगर कोशिपुल चतरा नदाह सडक योजना | ६१.२४ |
| | | ख. लेगुवाघाट भोजपुर सडक योजना | ६५.५४ |
| | | ग. हलेसी दिक्तेल सडक योजना | ३५.४३ |
| | | घ. मन्थलि रामेछाप सडक योजना | १३.३५ |
| | | ङ. मेचीपुल बिर्तामोड सडक योजना | १२.१६ |
| | | च. पकली नदाह सडक योजना | ११ |
| | | क. दोलखा सींगटि सडक योजना | ३४.४९ |
| | | ख. धादिंग गोरखा सडक योजना | ४२.१७ |
| | | ग. पाँचखाल-मेलम्ची सडक योजना | २२.९७ |
| ३ | SASEC Road Improvement Project (SRIP) | क. नारायणघाट बुटवल सडक योजना पूर्वी खण्ड<br>ख. नारायणघाट बुटवल सडक योजना पश्चिम खण्ड<br>ग. भैरहवा लुम्बिनी तौलिहवा सडक | ६४.४२<br>४८.१४<br>४१.१३ |
| ४ | SASEC Highway Improvement Project (SHIP) | क. कन्चनपुर कमला सडक योजना पूर्वी खण्ड<br>ख. कन्चनपुर कमला सडक योजना पश्चिम खण्ड | ३९.४२<br>४७.४० |
| ५ | SASEC Mugling-Pokhara Highway Improvement Phase I Project (SMPHIP) | क. मुग्लिङ पोखरा सडक योजना पूर्वी खण्ड<br>ख. मुग्लिङ पोखरा सडक योजना पश्चिम खण्ड | ४०.८०<br>३८.८३ |

## ६) हालसम्मको समष्टिगत प्रगति

SASEC Road Connectivity Project (SRCP) अन्तर्गत सन्चालनमा रहेका योजनाहरूमध्ये रूपनगर कोशीपुल चतरा नदाह सडक, लेगुवाघाट भोजपुर सडक, हलेसी दिक्तेल सडक, मन्थली रामेछाप सडक सम्पन्न भइसकेका छन् भने पकली नदाह सडक निर्माण करिब ९२% सम्पन्न भइ निर्माण कार्यको अन्तिम चरणमा रहेको छ । मेचीपुल बिर्तामोड सडक योजनाको काम भने उपरोक्त ठेक्का तोडिएसंगै स्थगित भएको छ ।

Earthquake Emergency Assistance Project (EEAP) अन्तर्गत दोलखा सिंगटी सडक र धादिंग गोरखा सडक योजनाको निर्माण सम्पन्न भइसकेको छ भने पाँचखाल-मेलम्ची सडक निर्माण ६५% सम्पन्न भएको छ ।

SASEC Road Improvement Project (SRIP) अन्तर्गत निर्माणाधिन नारायणघाट बुटवल सडकको आ.व. २०७६/७७सम्मको प्रगति करिब २ % रहेको छ भने आ.व. २०७६/७७ सम्म भैरहवा लुम्बिनी तौलिहवा सडक निर्माणको ६५ % प्रतिशत प्रगति रहेको छ ।


SASEC Highway Improvement Project (SHIP) अन्तर्गत निर्माण हुने कन्चनपुर कमला सडकको लागि आ.व. २०७६/७७ मा निर्माण ब्यवसायीसंग ठेक्का सम्झौता भइसकेको छ भने SASEC Mugling-Pokhara Highway Improvement Phase I Project (SMPHIP) अन्तर्गत निर्माण हुने मुग्लिङ पोखरा सडकको आबुखैरेनी पोखरा सडक खण्डको लागि बोलपत्र मूल्यांकनको काम जारीरहेको छ ।

उपरोक्त कार्यहरूको अतिरिक्त पूर्व पश्चिम राजमार्गको काकडभिट्टा लौकहि खण्ड, पथलैया हेटौडा नारायणघाट खण्ड र बुटवल गोरूसिंगे खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार गर्नको लागि परामर्शदाता छनौट कार्य समेत सम्पन्न भइसकेको छ।


## ७.५ (ख) क्षेत्रीय व्यापारिक मार्ग विस्तार आयोजना

**१) पृष्ठभूमि**

नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार देशका प्रमुख राजमार्गहरुलाई सवारी साधनको चाप अनुसार दुई देखि चार लेनमा विस्तार गर्ने उद्देश्य अनुरुप (१) नागढुंगा– नौविसे– मुग्लिङ्ग सडक खण्ड (९५ कि.मी.) र (२) महेन्द्र राजमार्गको कमला– ढल्केवर– पथलैया सडक खण्ड (१३० कि.मि) लाई तपशिलमा उल्लेख भए अनुसार विस्तार तथा सुधारको लागि बिश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थावाट सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजना अन्तर्गत ऋण सहायताको रुपमा ४५० मिलियन अमिरिकी डलर तथा नेपाल सरकारवाट ३५० मिलियन अमिरिकी डलर गरी कूल ८०० मिलियन अमिरिकी डलरको आयोजनाको लागि नेपाल सरकार र बिश्व बैंक बीच यही १७ जुलाई २०२० मा सम्झौता भएको छ । उक्त सहायताको अवधि २०२७ जुलाई सम्म रहेको छ ।




नागढुंगा– नौविसे– मुग्लिङ्ग सडक खण्ड (९५ कि.मी.)




महेन्द्र राजमार्गको कमला-ढल्केवर-पथलैया सडक खण्ड (१३० कि.मि)

## २) उद्देश्य

देशको प्रमुख राजधानी जोड्ने एक मात्र नागढुंगा-नौविसे-मुग्लिङ्ग सडक खण्ड (९५ कि.मी.) जसमा दिनहुं दसौं हजार सवारी साधनहरु गुड्ने गर्दछन र सडकको विद्यमान दुरावस्थाका कारण जनताले पाईरहको सास्ती लगायत समग्रमा नेपाल सरकारलाई आर्थिक रुपमा भैरहेको आर्थिक क्षतिलाई कम गर्न तथा सडक विस्तार तथा सुधार गरी यातायात सुविधामा सहजता प्रदान गर्नु रहेको छ । विश्व बैंककै ऋण सहयोगमा मुग्लिङ्ग-नारायणगढ खण्ड विस्तार भैसकेको छ। नेपाल सरकार तथा सडक विभागको प्रमुख कार्ययोजनामा पूर्व – पश्चिम राजमार्गलाई क्रमशः चारलेनमा विस्तार गर्ने उद्देश्य रहको र सोही अनुसार विभिन्न दातृ निकायको ऋण सहयोगमा हाल कार्य अगाडि बढिरहेको छ र सोही अनुरुप पूर्व – पश्चिम राजमार्गको कमला-ढल्केवर-पथलैया सडक खण्ड (१३० कि.मि) लाई चार लेनमा विस्तार कार्य अगाडि बढेको छ ।

## ३) सडकको रेखांकन

(१) नागढुंगा-नौविसे-मुग्लिङ्ग सडक खण्ड (९५ कि.मी.)

- त्रिभुवन राजपथको नागढुंगा-नौविसे खण्ड (१२.४ कि.मी.), काठमाण्डौं, धादिङ्ग
- पृथ्वी राजमार्गको नौविसे-मुग्लिङ्ग खण्ड (८२.६ कि.मी.), धादिङ्ग, चितवन

(२) महेन्द्र राजमार्गको कमला-ढल्केवर-पथलैया सडक खण्ड (१३० कि.मि), धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा

## ४) आयोजनाको कार्ययोजना

सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजना, Strategic Road Connectivity and Trade Improvement Project (SRCTIP) अन्तर्गत मुख्यतः ३ वटा कम्पोनेन्ट रहेको छ र जस मध्ये २ वटा कम्पोनेन्ट सडक विकास क्षेत्र (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग) संग सम्बन्धित रहेको छ ।

| कम्पोनेन्ट नं. | कम्पोनेन्ट | कार्यक्रम | मूख्य कार्य | कैफियत |
|---|---|---|---|---|
| | | नागढुंगा– नौविसे– मुग्लिङ्ग | ९५ कि.मी. सडक खण्डलाई कम्तीमा पनि २ लेनमा विस्तार गर्ने साथै ३८ कि.मी. सडकमा क्लाईम्बिङ्ग लेन निर्माण तथा वजार क्षेत्रमा चार लेनमा विस्तार गर्ने, २१ वटा पुल निर्माण कार्य | ५ वर्षको मर्मतसंभारको कार्य (PBMC) रहेको |
| | | कमला– ढल्केवर– पथलैया | १३० कि.मी. सडक चार लेनमा निर्माण हुने तथा ७६ वटा नयां २ लेनका पुल निर्माण तथा हाल भैरहेको पुलहरुको मर्मत संभार | ५ वर्षको मर्मतसंभारको कार्य (PBMC) रहेको |
| | | रणनीतिक सडकहरुको सुदृढीकरणको लागि आवश्यक तालिम | रणनीतिक सडकहरुको सुदृढीकरण तथा सडक सम्पतीको व्यवस्थापनको लागि आवश्यक तालिमहरु प्रदान गर्ने | |
| | | आवधिक मर्मत कार्य | १७०० कि.मी. कोर रोड नेटवर्कको आवधिक मर्मत सम्पन्न गर्ने | |

नागढुंगा– नौविसे– मुग्लिङ्ग सडक विस्तार एवं सुधारको क्रममा शुरुको डिजाईनमा सिस्नेखोला- धार्के खण्ड (११.२ कि.मी.) र बिशालटार- फिस्लिङ्ग खण्ड (१५.३ कि.मी.) मा नयां एलाईनमेन्टवाट सडक निर्माण गर्ने भएतापनि विभिन्न कारणहरुले गर्दा हाल कायम रहेको सडकलाईनै सुधार गर्ने गरी ठेकका आव्हान हुने क्रममा रहेको छ ।

## ५) हालसम्मको समष्टिगत प्रगति

गत आ.व. ०७६/७७ देखि शुरु भएको यस आयोजनाको हाल सम्मको प्रगति निम्नानुसार रहेको छ ।

| कम्पोनेन्ट नं. | कम्पोनेन्ट | कार्यक्रम | मूख्य कार्य | **हाल सम्मको प्रगति** |
|---|---|---|---|---|
| | | नागढुंगा– नौविसे– मुग्लिङ्ग | ९५ कि.मी. सडक खण्डलाई कम्तीमा पनि २ लेनमा विस्तार गर्ने साथै ३८ कि.मी. सडकमा क्लाईम्बिङ्ग लेन | डिजाईन सम्पन्न भएको र निर्माण व्यवसायी छनौटको लागि टेण्डर |

| कम्पोनेन्ट नं. | कम्पोनेन्ट | कार्यक्रम | मूख्य कार्य | **हाल सम्मको प्रगति** |
|---|---|---|---|---|
| | | | निर्माण तथा वजार क्षेत्रमा चार लेनमा विस्तार गर्ने, २१ वटा पुल निर्माण कार्य | डकुमेन्ट तयार भैरहेको । |
| | | कमला– ढल्केवर– पथलैया | १३० कि.मी. सडक चार लेनमा निर्माण हुने तथा ७६ वटा नयां २ लेनका पुल निर्माण तथा हाल भैरहेको पुलहरुको मर्मत संभार | विस्तृत अध्ययन कार्यको लागि परामर्शदाता छनौट भैरहेको । |
| | | रणनीतिक सडकहरुको सुदृढीकरणको लागि आवश्यक तालिम | रणनीतिक सडकहरुको सुदृढीकरण तथा सडक सम्पतीको व्यवस्थापनको लागि आवश्यक तालिमहरु प्रदान गर्ने | |
| | | आवधिक मर्मत कार्य | १७०० कि.मी. कोर रोड नेटवर्कको आवधिक मर्मत सम्पन्न गर्ने | कोर रोड नेटवर्क पहिचान गरी मन्त्रालयमा स्वीकृतीको क्रममा रहेको । |

## ७.५ (ग) सडक सुधार तथा विकास आयोजना

**१) पृष्ठभूमि**

यातायात पूर्वाधार मध्ये सडक पूर्वाधारलाई राज्यको आर्थिक गतिविधिको धमनी र शिरा मानिन्छ । विकासशील देशमा रुपान्तरित भई गरीबी निवारण, कृषि, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा फड्को मार्न गुणस्तरीय सडक पूर्वाधारको समुचित विकास हुन अत्यन्त जरुरी छ । गुणस्तरीय सडक पूर्वाधारको विकास गरी समग्र आर्थिक सामाजिक रुपान्तरण गर्ने राज्यको लक्ष्य हासिल गर्ने उद्धेश्य अनुरुप भारत सरकार (भारतीय एक्जिम बैंक) को ऋण सहयोगमा नेपालभित्रका विभिन्न सडकहरुको स्तरोन्नति/ निर्माण गर्ने उद्देश्यका साथ सडक सुधार तथा विकास आयोजना आ.व. २०६४/६५ बाट सुरु भएको थियो । नेपाल सरकार र भारतीय Exim Bank बीचको Dollar Credit Line Agreement अन्तर्गत हालसम्म तीनवटा ऋण सहायताका चरणहरु कार्यान्वयनमा गईसकेका छन् ।

| ऋण सहायताका चरणहरु LOC | रकमको सिमा US$ | रकम खपतको स्थिती US$ | हालसम्म भुक्तानीको स्थिती US$ | हाल सम्मको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| प्रथम (14 Sept. 2007) | 50 million | भइसकेको | 47.03 million | ९४.६० | सबै ठेक्काको काम सम्पन्न |

| | | | | | |
|---|---|---|---|---|---|
| दोस्रो (21 Oct. 2011) | 74.72 million (Revised) | भइसकेको | 52.08 million | ६९.७० | १७ मध्ये ७ वटा ठेक्काको काम सम्पन्न; १ ठेक्का अन्त्य गरीएको |
| तेस्रो (25 Nov. 2014) | 340.42 million | 84.9 million खपत हुन बाँकी | 47.30 million | १७.०३ | ११ ठेक्का भएको ४ बाँकी |
| चौथो (16 Sept. 2016) | 455 million | भारतीय पक्षबाट सहमती प्राप्त भएपछि कार्यान्वयनमा जाने | | | |

यस बाहेक नेपाल सरकारको श्रोतबाट महाकाली पुल निर्माण कार्य पनि यसै आयोजना अन्तर्गत कार्यान्वयनमा रहेको छ ।

## २) आयोजनाको समष्टिगत प्रगति

Line of Credit Phase- I (LOC-I) का भौतिक कार्यहरु (१२ ठेक्का संख्या, ५०३.२८ कि.मी. सडक) को निर्माण सम्पन्न भईसकेको छ ।

| सि.नं. | सडकको नाम | लम्बाई, कि.मी. | ठेक्का संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | साँफेबगर- मार्तडी सडक | ३०.७२ | १ | सम्पन्न भईसकेको |
| २ | साँफेबगर-मंगलसेन सडक | ३९.१६ | १ | सम्पन्न भईसकेको |
| ३ | सुर्खेत-सियाकोट-दैलेख सडक | ४३.८५ | १ | सम्पन्न भईसकेको |
| ४ | तुलसीपुर-सल्यान सडक | ६१.७४ | १ | सम्पन्न भईसकेको |
| ५ | भालुवाङ-प्युठान सडक | ६७.४५ | १ | सम्पन्न भईसकेको |
| ६ | चकचके- लिवाङ सडक | ६३.४१ | १ | सम्पन्न भईसकेको |
| ७ | अमेलिया- तुल्सीपुर सडक | २९.०५ | १ | सम्पन्न भईसकेको |
| ८ | चन्द्रनिगाहपुर- गौर सडक | ४६.०० | १ | सम्पन्न भईसकेको |
| ९ | हिलेपानी- दिक्तेल सडक | ४०.० | १ | सम्पन्न भईसकेको |
| १० | बसन्तपुर- म्याङलुङ सडक | २६.६२ | १ | सम्पन्न भईसकेको |
| ११ | मालढुंगा- बेनी सडक | १३.२६ | १ | सम्पन्न भईसकेको |
| १२ | राजविराज- सखडा, रुपनी, भारदह सडक | ४१.९७ | १ | सम्पन्न भईसकेको |
| | **जम्मा** | **५०३.२८** | **१२** | |

LOC-II अन्तर्गत ११ वटा सडक (१७ ठेक्का संख्या, ३८३.३ कि.मी.) मध्ये ७ वटा ठेक्का सम्पन्न भई Taking over Certificate (ToC) जारी भएको, १ ठेक्का अन्त्य गरीएको र बाँकी ९ वटा ठेक्काको निर्माण कार्य जारी रहेकोमा पौष मसान्त २०७७ भित्र सम्पन्न हुने अपेक्षा गरीएको छ ।

| सि.नं. | सडकको नाम | लम्बाई, कि.मी. | ठेक्का संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | लामोसाँघु-तामाकोशी-जिरी सडक | ५५.० | २ | निर्माणाधीन |
| २ | सहीद मार्ग (घोराही- होलेरी सडक) | ३१.५ | १ | सम्पन्न भइसकेको |
| ३ | लुम्बिनी बुद्धिस्ट सर्किट | ४२.० | १ | सम्पन्न भइसकेको |
| ४ | साँफेबगर-मार्तडी सडक | २७.७ | १ | सम्पन्न भइसकेको |
| ५ | बर्दघाट-पाल्डाँडा-त्रिवेणी सडक | १२.५ | १ | सम्पन्न भइसकेको |

| सि.नं. | सडकको नाम | लम्बाई, कि.मी. | ठेक्का संख्या | कैफियत |
|---|---|---|---|---|
| ६ | बालाजु- रानीपौवा- ककनी- त्रिशुली सडक | ५५.६९ | २ | १ ठेक्का निर्माणाधीन; १ ठेक्का अन्त्य गरीएको |
| ७ | छहरे-विदुर सडक | १६.६८ | १ | निर्माणाधीन |
| ८ | बल्खु-दक्षिणकाली सडक | ११.९३ | १ | निर्माणाधीन |
| ९ | भक्तपुर-नगरकोट-सिपाघाट सडक | १५.६६ | १ | निर्माणाधीन |
| १० | भरतपुर-रामपुर-मेघौली सडक | १६.० | १ | सम्पन्न भइसकेको |
| ११ | जनकपुर परिक्रमा सडक | ९८.६४ | ५ | २ वटा सम्पन्न भइसकेको; ३ वटा ठेक्का निर्माणाधीन |
| | **जम्मा** | ३८३.३ | १७ | |

LOC-III अन्तर्गत शुरुमा खरिद प्रक्रियामा गएका १२ सडकका ठेक्का (७६०.८ कि.मी.) मध्ये १० वटा ठेक्कामा कार्य भइरहेको, १ वटा ठेक्का (सेलेघाट-रामेछाप- साँघुटार सडक) मा ठेक्का स्वीकृतीको चरणमा रहेको साथै बाँकी १ वटा (भालुवाङ- बाग्दुल्ला- भिमगिठ्ठे सडक) को ठेक्का अन्त्य र थप प्रक्रियाको चरणमा रहेको छ ।

| सि.नं. | सडकको नाम | लम्बाई, कि.मी. | ठेक्का संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | भेडेटार-रवि-राँके सडक | १००.३६ | १ | निर्माणाधीन |
| २ | लामोसाँघु-तामाकोशी-जिरी सडक | ५५.४४ | १ | निर्माणाधीन |
| ३ | सेलेघाट-रामेछाप-साँघुटार सडक | ४९.८१ | १ | ठेक्का सम्झौता हुने क्रममा रहेको |
| ४ | कालीगण्डकी करिडोर (गैंडाकोट- रामपुर- पिपलडाँडा सडक) | १३१.७ | १ | निर्माणाधीन |
| ५ | बाग्दुल्ला- भिमगिठ्ठे सडक | ७३.६ | १ | ठेक्का अन्त्यको प्रक्रियामा रहेको |
| ६ | सहजपुर- बोक्टान सडक | ५०.०२ | १ | निर्माणाधीन |
| ७ | बर्दिबास-जलेश्वर, जलेश्वर सहरी सडक, राजबिराज र सिरहा सहरी सडक | ८९.६ | १ | निर्माणाधीन |
| ८ | बसतपुर-कटहरिया-कवागोठ-पिप्रादी- पदम सडक र मलंगवा सहरी सडक | ४१.११ | १ | निर्माणाधीन |
| ९ | चन्द्रौटा- कृष्णनगर सडक र कृष्णनगर सहरी सडक | २८.० | १ | निर्माणाधीन |
| १० | गण्डक नहर सडक | ६१.९१ | १ | निर्माणाधीन |
| ११ | म.रा.मा.-गुलरिया-रजनवा सडक र नेपालगंज सहरी सडक | ५०.९४ | १ | निर्माणाधीन |
| १२ | लमही-घोराही सडक र घोराही- तुलसीपुर सडक | २८.२७ | १ | निर्माणाधीन |
| | **जम्मा** | ७६०.७९ | १२.० | |

यसबाहेक बचत रकमबाट तपसिल बमोजिमका थप ३ वटा सडक (८० कि.मी.) को स्तरोन्नति कार्य अगाडि बढाउन दातृ पक्षबाट सहमति प्राप्त भएको छ ।

क) रामायण सर्किट, धनुषा :- GESU बाट IEE को खरिद कार्य हुँदै ।

ख) सहजपुर-बोक्टान - दिपायल सडकको बोक्टान दिपायल खण्ड :- GESU बाट EIA भइरहेको, DPR को Final Report आउन बाँकी ।

ग) पन्थडिही- कटहरे- हर्मी- साहिलटार सडक, गोर्खाः- Pre- Qualification Notice प्रकाशित भएको ।

LOC-IV का लागि तीनवटा सडक/सडक खण्डको स्तरोन्नतिका लागि नेपाल सरकारबाट दातृ निकायलाई अनुरोध भएको छ ।

क) सिद्धार्थ राजमार्ग (बुटवल-पोखरा खण्ड)

- लम्बाई १५७ कि.मी. बाट १४२.३३ कि.मी. हुने ।
- ७५२ मी. Tunnel निर्माण हुने (५ स्थानमा): २.२३ कि.मी. सडकको लम्बाई घट्ने ।
- ७८७ मी. Viaduct निर्माण हुने (३८ स्थानमा): ४.२१ कि.मी. सडकको लम्बाई घट्ने ।

**ख) रत्न राजमार्ग (कोहलपुर- सुर्खेत सडक)**

- लम्बाई ८२ कि.मी. बाट ६६.५३ कि.मी. हुने ।
- ३ कि. मी. Tunnel निर्माण हुने (१ स्थानमा): १४ कि.मी. सडकको लम्बाई घट्ने ।
- १४० मी. Viaduct निर्माण हुने (२ स्थानमा): १ कि.मी. सडकको लम्बाई घट्ने ।

ग) **म.रा.मा. (बुटवल- चन्द्रौटा खण्ड)**

- DPR हुन बाँकी, चार लेनमा स्तरोन्नति गर्ने लक्ष्य रहेको।

**२) आयोजना अन्तर्गत आ.व. २०७६/७७ मा सम्पन्न कालोपत्रे साथै आ.व. ०७७/७८ को लक्ष्य**

| सि.नं. | योजनाको नाम | कालोपत्रे गर्ने कार्य | |
|---|---|---|---|
| | | आ.व. २०७६/७७ मा सम्पन्न परिमाण (कि. मी) | आ.व. २०७६/७७ को कार्य लक्ष्य (कि. मी) |
| १ | बालाजु त्रिशुली –, छहरे बिदुर सडक योजना –, बत्तीसपुतली, काठमाण्डौं | ७ | २० |
| २ | भक्तपुर सिपाघाट – नगरकोट –, बल्खु - दक्षिणकाली सडक योजना, बत्तीसपुतली, काठमाण्डौं | ३ | १० |
| ३ | लामोसाँघु जिरी सडक – तामाकोशी –, दोलखा | २७ | ४८ |
| ४ | जनकपुर परिक्रमा, व्यापारिक मार्ग विस्तार योजना (जनकपुर-जटही), बर्दिबास महोत्तरी | १५ | २० |
| ५ | कालीगण्डकी कोरिडोर, गैंडाकोटमालढुंगा – राम्दी – सडक योजना, पाल्पा | ० | ६० |

| सि.नं. | योजनाको नाम | कालोपत्रे गर्ने कार्य | |
|---|---|---|---|
| | | आ.व. २०७६/७७ मा सम्पन्न परिमाण (कि. मी) | आ.व. २०७६/७७ को कार्य लक्ष्य (कि. मी) |
| ६ | भेडेटार राँके सडक योजना — रबि —, पाँचथर | ० | ११ |
| ७ | सेलेघाट साँघुटार — रामेछाप —, बर्दिबास जलेश्वर —, राजबिराज, सिरहा, जलेश्वर शहरी सडक योजना, बर्दिबास महोत्तरी | ० | ३५ |
| ८ | बसन्तपुर पिप्रादी — कवागोठ — कटहरिया —सडक, गण्डक नहर सडक , मलंगवा शहरी सडक योजना, बारा | ० | २५ |
| ९ | भालुवाङ भिमगिट्टे बागदुला, चन्द्रौटा कृष्णनगर —, लमही तुल्सीपुर सडक योजना — घोराही —, दाङ । | ० | २१ |
| १० | सहजपुर दिपायल सडक — बोक्टान —, महेन्द्र राजमार्ग गुलरिया, नेपालगंज सडक योजना, कैलाली | ० | ४५ |
| ११ | महाकाली पुल आयोजना, कञ्चनपुर (८५% कार्य सम्पन्न हुने) | ० | २ |
| | कुल | ५२ | २९७ |

## ७.६ सडक बिभागमा सूचना प्रविधिको अवस्था

सडक बिभाग अन्तर्गत सर्बप्रथम यान्त्रिक महाशाखाले आ .व. २०४८/४९ मा "***Equipment inventory Database"*** तयार गरी विभिन्न Heavy Equipment को computer based Database राख्ने कार्य सुरुवात गरेको थियो । तत् पश्चात आ.व. २०५०/५१ मा योजना महाशाखाको Monitoring & Evaluation Unit बाट "***Project Monitoring Software"*** बाट बार्षिक कार्यक्रम ,विनियोजित बजेट , चौमासिक प्रगति को Database तयार गरी software मार्फत राष्ट्रिय योजना आयोगको format मा Report Generation र अनुगमन तथा मूल्यांकन को सुरुवात भएको थियो ।सुचना प्रविधिको आबश्यकता अनुरुप आ.व. २०५०/५१ मा HMIS-ICT ( Highway Management Information System- Information Communication Technology) Unit को स्थापना गरीयो र "***dROAD*** **"** version 5 को खरिद गरी सडकको dedicated database राख्ने कार्यको सुरुवात भयो ।

- RSSDU मा कर्मचारीको bio-data शैक्षिक ,सरुवा ,योग्यता र training को विवरण राख्ने कार्य को "***Personal Information System (PIS***)" software बाट सुरुवात भयो ।
- Road Maintenance Project अन्तर्गत योजना महाशाखा र Traffic Police को computer मा "***MAAP5***) **"**developed by TRL, UK) को installation गरेर traffic accident database राख्ने कार्यको सुरुवात भयो ।
- आ.व. २०५१/५२ मा RMRP rehabilitation projects बाट "***HDM III***) **"**Highway Design and Maintenance को (installation गरी model calibration को कार्य सुरुवात भयो ।
- आ.व.२०५२ /५३ मा GEU(Geo-Environmental Unit) मा ADB को Technical Assistance मार्फत सडकको IEE/EIA को कार्यको लागि "***CALYX-ADB*** **"** version को installation गरेर screening,scoping र reporting को कार्य सुरुवात भयो ।
- आ .व. २०५२/५३ मा HMIS मा "***dMAP"*** मार्फत road link लाई digitize गरी National Strategic Road Network लाई road condition survey data राखी report generation को कार्य सुरुवात भयो ।
- आ.व.२०५२ /५३ मा Bridge Unit बाट "***Bridge inventory Database"*** तयार गरी करिब २०० वटा पुलको अभिलेख तयार गरीयो ।

| **S.N** | **F/Y** | **Name of Software Application** | **Unit/Branch** | **Remark** |
|---|---|---|---|---|
| 1 | 2048/49 | Equipment inventory Database | Mechanical Branch | 1st database software in DOR |
| 2 | 2050/51 | Project Monitoring Software | Monitoring & Evaluation Unit (MEU) | |
| 3 | 2050/51 | dROAD version 5 | HMIS | |
| 4 | 2051/52 | Personal Information System (PIS) | RSSDU | |

| S.N | F/Y | Name of Software Application | Unit/Branch | Remark |
|---|---|---|---|---|
| 5 | 2051/52 | "MAAP5" (developed by TRL, UK) | Design Branch | Traffic Police |
| 6 | 2051/52 | "HDM III" (Highway Design and Maintenance) | HMIS-ICT | RMRP projects |
| 7 | 2052/53 | "CALYX-ADB" version | GEU(Geo-Environmental Unit) | |
| 8 | 2052/53 | "dMAP" | HMIS | |
| 9 | 2052/53 | "Bridge inventory Database" | Bridge Unit | |

- **बर्तमान अवस्था**

बार्षिक रुपमा Road Boards Nepal को funding बाट Road Condition Data)IRI,SDI र Traffic Count को कार्य (HMIS-ICT Unit बाट हुने गरेको र यो data को आधारमा नै ARMP मार्फत maintenance budget को सीमा तयार गरीने गरीएको छ । त्यसै गरी World Bank को funding बाट Road Inventory तयार भएको अवस्था छ । नेपाल सरकारको नीति अनुरुप Centralized e-mail मा mail.dor.gov.np को domain मा shift भई official mail संचालन मा रहेको छ ।

**ठेक्का अनुगमन प्रणाली (Contract Monitoring System, CMS)**

हाल सडक बिभाग अन्तर्गत रहेका ठेक्काहरुको विवरण ठेक्का अनुगमन प्रणालीमा प्रविष्ट गरीएको छ । यसबाट ठेक्का शुरु, हालसम्मको प्रगति र सम्पन्न हुने समय समेत प्रस्ट देखिने गरी तयार गरीएको छ ।

हाल सडक विभागको आफ्नै server मा तपसिल बमोजिम को विभिन्न software हरु संचालनमा रहेका छुन ।

| S.N | Name of Software Application | Type | URL | Colocation | Remarks |
|---|---|---|---|---|---|
| 1 | RMIS (Road Inventory Management System) | Web based | http://202.166.197.27:8080/webgis | DOR Server | Running |
| 2 | CMS (Contract Monitoring System) | Web based | cms.dor.gov.np | DOR Server | Running |
| 3 | FMIS (Finacial Management Information System) | Web based | fmis.dor.gov.np | DOR Server | Running |
| 4 | PMIS (Progress Monitoring Information System) | Web based | pmis.dor.gov.np | DOR Server | Running |
| 5 | GRMS (Grievance Redress Management System) | Web based | grms.dor.gov.np | DOR Server | Running |
| 6 | EIS (Emergency Information System) | Web based | eis.dor.gov.np | DOR Server | Running |
| 7 | DMS (Document Management System) | Web based | dms.dor.gov.np | DOR Server | Running |

| S.N | Name of Software Application | Type | URL | Colocation | Remarks |
|---|---|---|---|---|---|
| 8 | Store Inventory System | Web based | Spare.dor.gov.np | DOR Server | Running |
| 9 | DOR website | Web based | www.dor.gov.np | DOR Server | Running |
| 10 | DOR mail | Web based | mail.dor.gov.np | NITC Server | Running |
| 11 | Distance Calculator | Web based | https://dor.gov.np/home/getdistancecalc | DOR Server | Running |
| 12 | PIS (Personnel Information System) | Desktop application | | Desktop | Running |
| 13 | BMIS (Bridge Management Information System) | Web based | http://bms.softavi.com/ | Service Provider | Running |
| 14 | SSRN (Statistics of Strategic Road Network) | Web based | http://ssrn.aviyaan.com/ | Service Provider | Running |
| 15 | ARMP (Annual Road Maintenance Plan) | Web based | http://armp.aviyaan.com/ | Service Provider | Running |

- <u>आगामी कार्ययोजना</u>

  World Bank को funding बाट तयार गरीएको RMIS (Road Inventory Management System) लाई upgrade गरेर Road Assets Management System (RAMS) बाट अनुगमन, मुल्यांकन, बर्गिकरण गरी Project Priotize गरी सडक सम्पतिको संरक्षण कार्यलाई अगाडी बढाउने ।

# ८. विभिन्न योजनाहरुमा भएका उल्लेखनीय कार्यहरुको झलकहरु




रानी विराटनगर इटहरी सडक, सुनसरी



जनकपुर ढल्केबर सडक



बेलिहिया-बुटवल सडक, रुपन्देही



बेलिहिया-बुटवल सडक, रुपन्देही



सहिद मार्ग सडक



कान्ति लोकपथ



हुलाकी राजमार्गको बाँके सक्रामपुर सडक खण्ड



हुलाकी राजमार्गको बरियापुर-कलैया सडक खण्ड




मध्यपहाडी राजमार्गको लुम्ले-नौडाँडा सडक खण्ड



मध्यपहाडी राजमार्गको पातिहाल्ने-रुकुमकोट सडक खण्ड



मदन भण्डारी राजमार्गको बसाहा-भिमान सडक खण्ड



गल्छी त्रिशुली स्याफ्रुबेशी रसुवागढी सडकको चेनेज २+१००




एकान्तकुना आकाशे पुल



बालकुमारी आकाशे पुल



धुलिखेल-सिन्धुली-बर्दिबास सडकमा H Beam Installation for Slope Protection



धुलिखेल-सिन्धुली-बर्दिबास सडकमा Crib wall works for Slope Protection



धुलिखेल-सिन्धुली-बर्दिबास सडक, सेल्फी डाँडा



तामाकोशी नदि माथि आर्क पुल



नारायणगढ-बुटवल सडकमा Embankment Filling Works, Ch 28+000 Km



नारायणगढ-बुटवल सडकमा रुख कटानकार्य हुँदै, Ch 10+000 Km



भैरहवा-लुम्बिनी तौलिहवा सडक



दोलखा-सिंगटी सडकमा सडक सुरक्षा कार्य



दोलखा-सिंगटी सडकमा सडक सुरक्षा कार्य



लामोसाँघु-तामाकोशी-जिरी सडक




लोथर पुल, चेपाङ्ग मार्ग



सिम्ली खोला पुल



आवधिक मर्मत पश्चात माइतीघर-सिंहदरबार सडक



सडक सुरक्षाकार्य, कलंकी-कोटेश्वर सडक




अरनिको राजमार्गको जगाती साँगा सडकमा आवधिक मर्मत कार्य



धुलिखेल-लामीडाँडा सडक चौडा पार्ने कार्य



हेटौंडा लोथर सडक



त्रिभुवन राजपथ अन्तर्गतको हेटौंडा-भैंसे-लामीडाँडा सडक मर्मत पश्चात